# अध्याय - एक

# अध्ययनको पृष्ठभूमि

## १.१. परिचयः

हिंसा आत्मसम्मान र मानव अधिकार विरुद्धको अपराध हो । घरभित्र हुने हिंसालाई घरेलु हिंसा भनिन्छ । परिवारको कुनै सदस्यबाट अन्य सदस्य माथि गरिने शारीरिक, मानसिक, आर्थिक, यौनजन्य र भावनात्मक यातनालाई घरेलु हिंसाको रुपमा वुझ्न सकिन्छ (घरेलु हिंसा ऐन २०६६) ।

घरेलु हिंसा भन्नाले ति सम्पूर्ण किसिमका लैङ्गिक आधारमा गरिने भौतिक, मनोवैज्ञानिक तथा यौनिक क्रियाकलापहरु पर्दछन जुन पारिवारिक सदस्यहरुबाट गर्ने गरिन्छ । यस्तो क्रियाकलापहरु सामान्य गाली गलौज देखि भौतिक चोटपटक अपहरण, मौखिक रुपमा तिरस्कृत गरिने, सम्पत्तिको नोक्सान, यौनिक हिंसा, वैवाहिक बलात्कार तथा घरेलु कामदारहरु प्रति वेश्यावृत्तिको रुपमा गरिने शोषण आदि पर्दछन् (Shwami, १९९६) ।

लैंगिकतामा आधारित हिंसाले महिला, पुरुष, बालबालिका तथा तेश्रो लिंङ्गि विरुद्ध हुने हिंसालाई जनाउछ तथापि यस्तो हिंसाबाट बढी मात्रामा प्रभावित हुने भनेको महिला र बालिकाहरू हुन । महिला माथि हुने हिंसा भित्र महिला भएकै कारणले भोग्नु परेका विभिन्न खाले भेदभावपूर्ण कार्यहरू महिला हिंसा हो । महिला विरुद्ध हुने हिंसा सम्वन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्र १९९३ को धारा १ अनुसार महिलाको निजी वा सार्वजनिक जीवनमा शारीरिक, यौनिक तथा मनोवैज्ञानिक रुपमा आघात पुर्‍याउने गरि संचालन गरिने लिंगमा आधारित क्रियाकलाप वा त्यस किसिमको आघात पुर्‍याउने धम्की, दवाव वा स्वतन्त्रताबाट वंचित गर्ने कार्य नै महिला विरुद्ध हुने हिंसा हो । जसअन्तर्गत कुटपिट गर्नु, दाईजोको कारण यातना दिनु वैवाहिक बलात्कार, यौनच्छेदन, बलात्कार, यौनदुर्व्यवहार, कार्यस्थल, बाटोघाटो, सार्वजनिक यातायातका साधन, शैक्षिक संस्थामा दुर्व्यवहार, चेलिबेटी वेचविखन तथा जवरजस्ती देहव्यापारमा लगाउनु र राज्यद्धारा गरिने शारीरिक , मानसिक तथा यौन सम्वन्धी हिंसा पर्दछन् ( संयुक्त राष्ट्र संघको घोषणा पत्र, १९९३) ।

महिला विरुद्ध हुने हिंसा मध्ये घरेलु हिंसा एक प्रमुख हिंसा बनि विश्वव्यापी समस्याको रुपमा रहेको छ । धर्म, संस्कृति, परम्परा, चालचलनका नाममा महिलामाथि घरेलु हिंसाका घटनाहरू दिनप्रतिदिन वढ्दै गइरहेका छन् । पितृसत्तात्मक सोच र संरचनाका कारण राज्य संरचना, नीति नियमले महिलालाई दोस्रो दर्जाको नागरिकका रुपमा व्यवहार गर्नुका साथै महिलाका हक अधिकारलाई कटौति गर्ने स्वघोषित नियम समाजले बनाई दिएको छ । जसले गर्दा महिला हिंसालाई प्रेरणा मिलिरहेको छ (Subedi १९९३) ।

नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये १,३६,४५,४६३ अर्थात ५१.५०% हिस्सा ओगट्ने महिला (के.त.वि., २०६९) भए पनि उनीहरूले पाउनु पर्ने हक अधिकारहरू पाएका छैनन् । जसको कारण दिनहुँ जसो पुरुषबाट कुनै न कुनै रुपमा दमित हुनु परेको छ । बोलीमा मात्र पुरुष र महिला भनेको राष्ट्र निर्माणका लागि अभिन्न अंग हुन भनिन्छ, तर महिलालाई त्यसको दर्जा र अधिकारबाट बञ्चित गरिएको छ । जसले गर्दा महिलाहरू हिंसात्मक कार्यले पिल्सिएका छन् । छोरीलाई सधैं परिवारको वोझ ठान्ने परम्परालाई नेपाली समाजले अझैपनि छोड्न सकेको छैन भने विधवा वृद्धा, तथा गरीव महिला माथि बोक्सीको आरोप लगाइ मलमुत्र खुवाउने समाचारहरु पत्रपत्रिकामा दिनहुँ जसो आउने गर्दछन । यस्ता आरोपहरु प्राय गरेर गरीव, असहाय, अशिक्षित एवं पहुँच नभएका महिलामाथि लगाइने हुदा सुकुम्वासी महिलाहरु वढीमात्रामा यस्ता हिंसाबाट प्रताडित भएको पाइन्छ ( भट्टराई, २००८) ।

हिंसालाई धार्मिक तथा सास्कृतिक आस्थाको आधारमा स्वीकार गर्ने हुनाले महिला माथि हुने हिंसा समाजमा आन्तरिकरण भैसकेकोले यसलाई सहज रुपमा लिने गरिएको छ (आचार्य, २०६९) । परिणाम स्वरुप घरेलु हिंसाले व्यापकता पाएको छ । लैङ्गिक हिंसामा महिलाहरू विभिन्न प्रकारका हिंसाजन्य कार्य एवं दुर्व्यवहारको सिकार भएका हुन्छन । महिलामा हुने हिंसामा पिडकका रुपमा मुख्यतया पुरुषहरूनै हुने गर्दछन । हिंसा र स्वास्थ्यसम्बन्धी विश्व प्रतिवेदनमा उल्लेख गरिए अनुसार पेरुमा दर्ता गरिएका मध्ये ७०% अपराध महिलाहरू उनीहरूको लोग्नेबाट पिटिएको सम्बन्धमा हुने गर्छ । संयुक्त राज्य अमेरिकामा प्रत्येक १५ सेकेण्डमा एक महिला पिटिन्छे, प्रत्येक दिन ४ जना महिला कुटपिटबाट मृत्युवरण गर्दछन्, प्रत्येक वर्ष १५ लाखभन्दा बढी महिलाहरू घरेलु हिंसाद्वारा सृजित चोटपटकको उपचार गर्न जान्छन् (राई, २००८) । तथापि यसमा महिलाहरूद्वारा महिलाहरूलाईनै हिंसा गरेका उदाहरणहरू भने नपाइने होइन । यसमा खास गरेर दाइजोको निहुमा सासु तथा परिवारका

अन्य सदस्यहरूद्वारा गरिएका हिंसा तथा बोक्सीको आरोपमा पुरुषबाट भन्दा महिलाहरूबाटै महिलामाथि हुने हिंसा आदिलाई लिन सकिन्छ । भरखरै मात्र कैलाली बेलादेवीपुर गा.वि.स.७ धुरसुवाकी ६० वर्षिया वृद्धा राजकुमारी रानालाई बोक्सीको आरोपमा छिमेकी रामकुमारी र निरा रानामगर वर्वरतापूर्ण यातना दिई कुटपिट गर्दा समेत सिंगो गाँउ मुकदर्शक भै मौन सर्मथन गर्नुले महिला माथिको हिंसाको पराकाष्टाको रुपमा लिन सकिन्छ (कान्तिपुर, २०६९) । शिक्षाको न्यून पहुँचको कारणले जनचेतनाको अभाव हुनु, रुढिवादी परम्परा कायमै हुनु, एवं कानुनको प्रभावकारी कार्यान्वयनको अभाव जस्ता कारणबाट सवै खाले हिंसात्मक अपराधिक कृयाकलापहरू वढ्न गएको छ भने महिला प्रति हुने घरेलु हिंसाको मुलकारण पनि यिनै हुन भन्न सकिन्छ ।

विश्व व्यापी रुपमा व्याप्त महिला हिंसा उन्मुलनका लागि संयुक्त राष्ट्रसंघले सन् १९९३ मा नै महिला विरुद्धका हिंसा उन्मुलन गर्ने घोषणा गरेको थियो । चीनको राजधानी बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलन सन् १९९५ मा महिलासंग  सरोकार राख्ने १२ वुंदे विषयहरू मध्ये “महिला र हिंसा तथा महिला र गरिवी”  महत्वपूर्ण  विषयका रुपमा रहेका छन् ।

सन् १९९८ मा संयुक्त राष्ट्र संघको Commission Of The Status Of Women को ४२ औं सेसनमा पनि सदस्य राष्ट्रले अन्तराष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धका हिंसा अन्त्य गर्न सक्रियता ल्याउने र लैङ्गिक समानताका लागि अग्रसर गराउने कार्यहरूको सिद्धान्तमा एकमत भएका थिए । अन्तराष्ट्रिय सन्धिपत्र, Convention on the Elimination of all forms of Discrimination Against Women (CEDAW) को एउटा Optional Protocal लाई संयुक्त राष्ट्रसंघको ६ अक्टोवर, १९९६ को साधारणसभाले पारित गरि अनुमोदनका लागि खुल्ला राखिएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावनामा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रिय, लैगिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनसंरचना गर्ने संकल्प गरेको छ । अन्तरिम संविधानको भाग ३ मा गरिएका मौलिक हकको व्यवस्था अन्तर्गत धारा १२ समानताको हक र २१ मा गरिएको सामाजिक न्यायको हकमा पनि महिलाको लागि केही व्यवस्था गरिएको छ भने महिलाको हकलाई धारा २० मा विशेष व्यवस्था गरिएको छ । राज्यले

नागरिकहरूका वीच लिंगका आधारमा भेदभाव गर्ने छैन तर महिलाको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यावस्था गर्न रोक लगाएको मानिने छैन भनी धारा १३ ले समानताको हकको रुपमा समान कामका लागि महिला र पुरुषका वीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन भन्ने स्पष्ट गरेको छ । महिलालाई कानुनमा व्यवस्था भए वमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनि धारा १८ को “रोजगारी तथा सामाजिक सुरक्षा सम्वन्धी हक”मा उल्लेख गरेको छ । सामाजिक न्यायको हक धारा २१ मा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा मौलिक हक अन्तर्गत “महिलाको हकको” व्यवस्था गरिएको छ । जसमा उल्लेख गरिए अनुसार “कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ”, “पैत्रिक सम्पत्तीमा छोरा र छोरीलाई समान हक हुनेछ”, “महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन”, “प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्वन्धी हक हुनेछ” भनि मौलिक हक अन्तर्गत महिलाको हक स्थापित गर्नुलाई सह्रनीय व्यवस्था मान्न सकिन्छ ।

नेपालको सन्दर्भमा कुटपीटको महल, लोग्ने स्वास्नीको महल, स्त्री अंशधनको महल, अपहरण गर्ने तथा शरिर वन्धक लिनेको महल, ज्यान सम्वन्धी (लिंग पहिचान गरेर गर्भ पतन, महिलाको इच्छा मा १२ हप्ता सम्मको गर्भ पतनलाई कानुनी मान्यता) आदि जस्ता मूलुकी ऐन २०२० संसोधन सहितको महलमा महिलाका सम्वन्धमा व्यवस्था गरिएको छ भने मुलुकको संविधानमा पनि महिलाको समानताको सम्वन्धमा व्यवस्था भएबाट अन्तराष्ट्रिय जगतको साथै नेपालमै पनि महिला विरुद्धको हिंसाको लागि न्यायिक सक्रियता रहेको अनुभव पाउन सकिन्छ ।

समष्टिगत रुपमा भन्नु पर्दा महिलाहरू शारीरिक, मानसिक सामाजिक, धार्मिक र कानुनी रुपमा नै हिंसाका शिकार भएका छन् । महिलाहरू माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई घरभित्रका व्यक्तिहरूबाट समेत हुने गरेको पाइन्छ । सन् १९९३ को विश्व वैंकको प्रतिवेदनका अनुसार २०% महिलाहरू जुन पुरुषसँग बसेका छन् तिनै पुरुषबाट नै उनीहरू अनुचित व्यवहार र दुर्व्यवहार भएको पाइएको छ । धेरै घरेलु हिंसामा स्वास्नी कुट्ने बढि

देखिएको छ । नेपालको सन्दर्भमा महिलाबाटै पनि महिला हिंसाको शिकार भएको पाइएको छ । त्यस्तै महिला विरुद्धको हिंसा गहनतम् प्रश्न वनेको छ ।

सुकुम्वासी समस्या समाधान आयोगले २०६८ ले सुकुम्वासी भन्नाले आफ्नो वा आफ्नो परिवारका वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल भित्र कुनै घर वा जग्गा नभएको, जीविकोपार्जका लागि आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार व्यवसाय नभएको र नेपालभित्र कृषि सम्वन्धी वा अन्य क्षेत्रमा मजदुरी गरी गुजारा गरी आएको नेपाली नागरिक वा निजप्रति आश्रित परिवार लाई मानेको छ । पुर्खेउली सम्पत्ती नहुनु, भएको सम्पत्ती जग्गा जमिन पनि बाढी पैरो तथा अन्य विपद्का कारण सिद्धिनु, द्वन्द्वबाट विस्तापित भै घरबार विहिन हुनु, तथा भएको सम्पत्ती, जग्गा जमिन पनि साहुको ऋण तिर्न नसकी गुमाउनु पर्ने आदि विभिन्न कारणबाट सुकुम्वासी बनेका व्यक्तिहरुले  राज्यका विभिन्न सरकारी तथा पर्ति जग्गाहरु ओगटेर बसोबास गर्दछन ।

गरिवि, अशिक्षाका कारण सचेतनाको विकास हुन नसक्दा सुकुम्वासी बस्तीमा पुरातनबादी सोच, मूल्य मान्यता, कुरीतिहरु कायमै छन् । आफ्नो स्वामित्वको भुमि नहुनु, गरीविको दुष्चक्र कायम हुनु, शिक्षा, स्वास्थ्य तथा राज्यबाट उपलव्ध गराएका सेवा सुविधाहरुमा पहुचँ नपुग्ने गरेका कारण सुकुम्वासी महिलाहरु अन्य महिलाहरु भन्दा पछाडी परेका र दयनिय अवस्थामा रहेका छन् । आर्थिक विपन्नता, आयश्रोतका अन्य वाटाहरु नहुनु , शिक्षामा पहुच पुग्न नसकेको कारण सुकुम्वासी महिलाहरुले ज्याला मजदुरी गर्नुपर्ने, तथा अरुको घरमा कामगर्ने क्रममा समेत विभिन्न किसिमका हिंसा, दुर्व्यवहार सहनु परेको छ -भट

## १.२. समस्याको कथनः

महिलामाथि हुने घरेलुहिंसा विश्वव्यापी समस्याको रुपमा चिनिएको छ । नेपालमा पनि यो समस्या जल्दोवल्दो समस्याका रुपमा रहेको छ । प्राकृतिक विपद्, द्वन्द्व, बढ्दो जनसंख्या, बेरोजगारी, गरीवि, असमानता, अशिक्षाका कारण दिनानुदिन सुकुम्वासीहरुको संख्यामा वृद्धि भैरहेका छन् । कमजोर आर्थिक अवस्थाका कारण सुकुम्वासी महिलाहरु ज्यालामजदुरी गर्ने, अरुको घरमा काम गर्ने क्रममा मालिकबाट यौन दुरव्यवहार, गालि गलौज , झुठा आरोपका शिकार हुनु पर्ने अवस्था छ ।

राज्यले विपन्न, सिमान्तकृत तथा महिलावर्गको उत्थान गरि उनिहरुको पहुचँ सुनिश्चित गर्न सकारात्मक विभेदको व्यावस्था, आरक्षणको व्यवस्था गरेको तथा महिलाको हकहितको संरक्षण गरि महिला माथि हुने अन्याय अत्याचार विरुद्ध सशक्त आवाज उठाउन केन्द्रमा महिला मन्त्रालय, राष्ट्रिय महिला आयोगको गठन गरेको छ । पंचवर्षिय र त्रिवर्षिय योजना मार्फत महिला उत्थानको लागि ल्याइएका विभिन्न नीति तथा कार्यक्रमहरु सुकुम्वासी महिला सम्म पुगेको छ छैन? सरकारी तथा गैरसरकारी संस्थाबाट महिलाको विकासका लागि ल्याइएका कार्यक्रमले, सुकुम्वासी महिलालाई स्वरोजगार, आत्मनिर्भर तथा क्षमता विकास गर्न सकेको छ छैन? उनिहरु उनिहरुको सामाजिक, आर्थिक एवं शैक्षिक अवस्था के कस्तो छ?साथै सकुम्वासी महिलाहरु के कस्ता हिंसात्मक व्यवहारको शिकार भएका छन? भन्ने कुरालाई यस अध्ययनमा समस्याको रुपमा राखिएको छ र यसै परिप्रेक्ष्यमा रहेर राजापानी गाउँका सुकुम्वासी महिलामाथि हुने गरेको घरेलु हिंसाको बारेमा अध्ययन गर्न खोजिएको छ । अतः यो अध्ययन निम्न समस्याहरुमा केन्द्रीत छ :

क) सुकुम्वासी महिलाले भोग्नु परेका पिडाहरु के के हुन?

ख) सुकुम्वासी महिलाहरुले कस्ता किसिमका मानसिक, शारीरिक दुर्व्यवहारहरुका शिकार भएका छन् ।

ग) तिनीहरुको व्यवहारिक जीवन दैनिकी दिनचर्या कसरी वितेका छन्?

घ) घरेलु हिंसा वारे समाजको दृष्टिकोण के छ? आदि वारे जिज्ञासाहरुको कौतुहलतालाई खोतल्ने प्रयास गर्न खोजिएको छ ?

### १.३. अध्ययनको उद्देश्य :

यस अध्ययनको मुल उद्देश्य सुकुम्वासी महिला प्रति हुने गरेका घरेलु हिंसा र सोका कारणहरूको अध्ययन गर्नु  रहेको छ । यस अध्ययनमा निम्नलिखित विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- राजापानी गाउँका सुकुम्वासी महिलाहरूको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्ने ।
- सुकुम्वासी महिला माथि हुने गरेका हिंसाका प्रकार र कारणहरू पहिचान गर्ने ।
- घरेलु हिंसाका कारणले सुकुम्वासी महिलाहरूमा परेको प्रभावको अध्ययन गर्ने ।

## १.४. अध्ययनको महत्व :

पछिल्लो समयमा महिलाहिंसाका घटनाहरुवारे अनुसन्धान हुन थालेको भएपनि सुकुम्वासी महिलामाथि हुने घरेलुहिंसा सम्वन्धी अध्ययन अनुसन्धान खासै हुन सकेको पाइदैन । राज्यबाट महिला हिंसा अन्त्य गर्न विभिन्न कार्यक्रम लागु गरे पनि त्यस्ता कार्यक्रमबाट सुकुम्वासी महिला लाभान्वित हुन सकिरहेका छैनन् । महिलाहरु दिनहुँ विभिन्न प्रकारका घरेलु हिंसाको शिकार भैरहेका छन । महिलाहरुमाथि के कस्ता हिंसा के कति कारणले गर्दा हुन पुगेका छन? यस क्षेत्रका सुकुम्वासी महिलाहरु माथि हुने हिंसाको अवस्था कस्तो छ ? भन्ने वारेमा यस अघि कुनैपनि अध्ययन अनुसन्धान नभएको हुदाँ यस अध्ययनले यस क्षेत्रका सुकुम्वासी महिलामाथि हुने घरेलुहिसांको वारेमा जानकारी दिनेछ । साथै महिलामाथि हुने घरेलु हिंसा, तथा सुकुम्वासी महिलामाथि हुने घरेलुहिंसाको विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति, संघ संस्था, सामाजिक, आर्थिक क्षेत्रका व्यक्तित्व, योजनाकार, नीति निर्माता र अन्य सरोकारवाला सवैलाई सुकुम्वासी महिलामाथिको घरेलुहिंसाको अवस्था, सोको कारण र प्रभावको वारेमा जानकारी हाशिल गरि महिला हिंसा निवारणका निमित्त अभियान संचालनमा मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

# अध्याय- दुई

# सन्दर्भ सामग्रीको अध्ययन

घरेलु हिंसा जल्दोवल्दो विश्वव्यापी समस्या बनेको छ । महिला हिंसाका विभिन्न पाटाहरुलाई अनुसन्धानकर्ताहरुले उजागर गरेका छन । यस अध्यायमा म महिला हिंसाका बारेमा यस अघि भएका विभिन्न अध्ययनलाई समिक्षा गर्नेछु । यस क्रममा म मेरो अध्ययनको उद्देश्य अनुरुप सुकुम्वासी र महिला हिंसालाई जोडेर अध्ययन केन्द्रीत गर्नेछु । यस क्रममा म पूर्व अध्यययनहरुमा देखिएका कमिकम्जोरीहरुको आलोचनात्मक विश्लेषण गदै थप अनुसन्धानको अवधारणा पनि प्रस्तुत गर्नेछु ।

## २.१.सैद्धान्तिक समिक्षाः

समाज उद्विकासको उषाकालमा मातृसत्तामा आधारित थियो । दास समाजको विकास संगै विस्तारै पितृसत्तात्मक परिवारमा परिणत हुदै गाये महिलाको स्थान दोश्रो दर्जाको रुपमा रहन गयो (आचार्य २०६०) ।

समाजशास्त्रमा Founding father Augeste comte, Herbert spencier, Emile Durkheim ले जैविक विभिन्नतालाई आधार मान्दै महिलालाई भन्दा पुरुषलाई र पितृसत्तालाई महत्व दिएका छन, जुन महिलावादीहरुको आलोचनाको विषय बनेको छ ।

Karl Marx ले उनको प्रमुख कृति Communist Menifesto १९७० मा महिलालाई उत्पादनको प्रमुख साधनको रुपमा लिएका छन् । Marx र Engles को पुस्तक The origin of the family private property and the state 1984 मा समाजमा व्यक्तिगत सम्पत्तीको अधिकार स्थापनाको प्रक्रिया संगै परिवारको उदय र परिवार संगै परिवारमा श्रम विभाजनको प्रक्रियामा महिलाहरु घरभित्रका कार्यमा संलग्न सहने र पूरुषहरु शिकार खेल्ने, उत्पादन तथा श्रोत नियन्त्रण कायम गरी आफ्नो हैकम र प्रभत्व कायम गरी महिलालाई शोषण गर्छ उनिहरुले परिवारमा पुरुषले वुर्जुवा वर्ग र महिलाले शोषित वर्गको प्रतिनिधित्व गर्दछ भन्ने तर्क गरेका छन् ।

महिलावादी सिद्वान्तको विकासक्रमलाई हेर्दा सर्वप्रथम १८३० मा अमेरिकी महिलाहरु दासताका विरुद्व संगठित भएर आवाज उठाएको पाईन्छ । सन १९६० पछि महिलाको विविध पक्षमा देखिएका दमन असमानता, शोषण, हिंसा, श्रोतमाथिको असमान पहुँच कार्यविभाजन आदिलाई आधारित गरेर अध्ययन अनुसन्धान गरिन थालियो , त्यसपछि महिला आन्दोलनका विभिन्न चरणहरुमा महिलावादी सिद्वान्त प्रतिपादन भएका छन् ।

उदार महिलालादी सिद्वान्तले महिलाहरु पुरुष सरह सवै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् । सामाजिक , सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट अधिकारबाट पनि वंचित छन् । घरभित्रका आय नहुने तथा नियमित र दैनिक कम महत्वका कार्यमा सिमित हुने र पुरुष घरवाहिरका आय आर्जन गर्न सकिने कार्यमा संलग्न भएको हुदा महिला आफ्नो हक अधिकारबाट समेत कुठिंत छन भन्ने तर्क राख्दछ ।

मार्क्सवादी महिलावादी सिद्वान्तले वर्गिय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिलाको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने तर्क रहेको छ । महिलामाथिको दमन अत्याचार, शोषणको मूल जड पितृसत्ता र पूजिवादी संरचनाबाट भएको निस्कर्ष मार्क्सवादी सिद्वान्तको रहेको छ । मार्क्सवादी सिद्वान्तले लैङ्गिक विभेदलाई कुनै जैविकिय पक्ष नमानी सामाजिक र आर्थिक पक्षलाई मूख्य कारक तत्वका रुपमा व्याख्या र विश्लेषण गर्दछन । परिवार देखी नै यस्तो विभेदले सामाजिक मान्यता पाएको मान्यतालाई मार्क्स र Engles को पुस्तक The Private property of the r state 1884 मा चर्चा गरिएको छ ।

समाजवादी महिलावादले लिङ्गका आधारमा श्रम विभाजन र त्यस अनुरुपको सामाजिक सास्कृतिक मान्यताका कारण लैङ्गिक विभेदको श्रृजना भएको तर्क अगाडी सारेका छन् ।

आमुल महिलादाले सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूयनलाई निर्मल पार्न महिको सामाजिक मूल्यको खोजि गर्नु पर्ने तथ्यमा जोड दिदै लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व पितृसत्ता अन्तरगतको सामाजिक सम्वन्ध र पितृसत्ता पुरुषले प्रभुत्व जन्माएको संगठनहरुमा गर्ने महिलाका विरुद्व गर्ने हिंसा हो जुन सधै स्पस्ट देखिने शारीरिक, निर्दयताका रुपमा मात्र नभै वरु शोषण र नियन्त्रणमा अझवढी अभ्यासहरु लुकेको हुन्छ यस्ता अभ्यासहरु फेसन र सुन्दरता, मातृत्व, आदर्श, एकल यौन सम्वन्ध, घर गृहस्थी

कार्य, न्यून ज्यालादर आदिका नाममा देखा पर्दछन् महिलालाई विभेद र दमन गर्ने प्रारम्भिक थलो परिवार हो जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यसै अनुरुप सामाजिकीरण तथा भूमिका हस्तान्त्रण हुने गर्दछ भन्ने तर्क राख्दै महिलााइ स्वतन्त्र र हिंसामुक्त भएर वाच्न पुरुषको विकल्प खोज्नु पर्नेमा तर्क राखेका छन् ।

## २.२. नेपालमा महिलाको अवस्थाः

नेपाल हिन्दु राज्यको रुपमा चिनिदै आएको छ । हिन्दु धर्म दर्शन अनुसार समाज पुरुष प्रधान रहन्छ र पितृसत्तात्मक समाज हुन्छ । यस्तो समाजमा महिलाको अवस्था पुरुषको अपेक्षामा कमजोर हुन्छ । त्यसो  त अन्य धर्म संस्कृति मान्ने समाजमा पनि महिलालाई दोश्रो दर्जाको रुपमा हेरिने गरिएको पाईन्छ । नेपाली समाजमा छोरीको जन्मलाई छोराको जन्म जस्तो महत्व दिइदैन । पितृ उद्धारको लागि छोरा नै चाहिन्छ भन्ने मान्यताले निकै महत्व राखेको पाइन्छ ।

ऋग्वेदमा महिला र पुरुष अर्थात पति र पत्निले समान स्थान हासिल गरेको कुरा उल्लेख गरिएको छ भने  मनुको भनाइमा विधाता अर्थात व्रम्हाले आफ्नै  शरिरलाई  दुई भागमा विभाजन गरेर नर तथा नारीको सृष्टि गरेको कुरा उल्लेख छ । यस प्रकार धर्म ग्रन्थलाई आधार मानेर हेर्ने हो भने  पनि महिला र पुरुषको उत्पति समान अवस्थाबाट भएको तथ्य बारे व्याख्या गरिएको पाइन्छ । यसरी धर्म ग्रन्थमा समान रुपमा  हेरे पनि महिला विरुद्धको भेदभाव हाम्रो  समाजमा जीवन चक्रका रुपमा देखा परेको छ । यहाँ कानूनी, धार्मिक, तथा अन्य रुपमा महिला विरुद्ध भेदभाव कायम रहेको छ । हिन्दु धर्ममा दुर्गा भगवती, लक्ष्मी, सरस्वती जस्ता देवीको गाथा गाइन्छ र जिवित देवीको रुपमा कुमारीलाई पूजा अर्चना गरिन्छ जसलाई महिलाको प्रतिकका रुपमा लिइन्छ । जसले गर्दा हिन्दु धर्ममा महिलालाई दैविक शक्ति वा भगवानका रुपमा पुजा अर्चना गरिए पनि व्यवहारमा भने महिलालाई  अपहेलना, कुनै वस्तुको रुपमा लिइन्छ । महिलाको सामान्य हक अधिकारबाट पनि वन्चित गरिन्छ (न्यौपाने, २०६५) ।

नेपालमा महिला हिंसालाई केन्द्र विन्दु बनाएर प्रजातन्त्रको पुनःस्थापना पछि मात्र सरकारी स्तरबाट केहि मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ । तापनी त्यसको तुलनामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था मार्फत महिलाको सम्वन्धमा अध्ययन अनुसन्धान भएको पाइन्छ । जसले गर्दा हालका वर्षहरूमा महिला हिंसा अर्थात महिलाले महिला भएर

असमानताको जीवन जिउनु परेको बारे विभिन्न अध्ययन अनुसन्धान तथा चर्चा बहस चल्न थालेका छन् । फलस्वरुप महिला हिंसाका घटनाहरु बाहिर आउन थालेका छन । विभिन्न राष्ट्रिय दैनिकमा प्रकाशित समाचारका आधारमा गएको मङ्सिर महिनामा नेपालमा ८८ महिलामाथि हिंसा भएको पाइएको छ । महिला पुनःस्थापना केन्द्र (ओरेक नेपाल) ले विभिन्न पत्रपत्रिकावाट संकलन गरेको तथ्याङ्क अनुसार मङ्सिर महिनामा भएका विविध हिंसाका घट्ना मध्ये ४९ वटा घरेलु हिंसा भएकोमा ३९ महिला आफ्नै श्रीमान् द्वारा हिंसामा परेका छन् । सो तथ्याङ्क अनुसार २७ महिलामा शारीरिक यातना ५ महिलामाथि वहु विवाह गरि यातना दिइएको, ११ महिलामाथि मानसिक यातना, ४ महिलालाई घर निकाला गरिएको र २ महिलाले श्रीमान्को कारण आत्महत्या गरेको उल्लेख छ (गोरखापत्र, २०६९) ।

## २.३. लैङ्गिकः

"लिंङ्ग" शब्दले महिला र पुरुष वीचको जैविकिय भिन्नतालाई लिंङ्ग भनिन्छ । यो अपरिवर्तनिय र सर्वव्यापी हुन्छ । भने "लैगिक" भन्नाले लिंङ्गका आधारमा समाजले महिला र पुरुषलाई दिएको सामाजिक भूमिकालाई लैंगिक भनिछ । यो परिवर्ततिय हुन्छ । लिंगका आधारमा व्यक्तिसंग जोडिएर आउने सांस्कृतिक मूल्य मान्यता भूमिका तथा विशेषताहरुको समष्टिगत रुप हो (आचार्य, बलराम २०६०) ।

व्यक्तिको रुपमा लिंङ्गको विशेषता जुन Biologically निर्धारण गरिएको हुन्छ त्यो महिला र पुरुष दुवैमा पाउन सकिन्छ । तर Gender संस्कृति, समाज र मनोविज्ञान आदि कुरामा निर्धारण हुने भएकोले Gender लिंङ्गबाट अलग नै देखिन्छ । सामान्यतया प्रत्येक व्यक्तिले आफ्नो पहिचान आफ्नो लिंङ्ग बमोजिम निर्धारण गर्दछ । जस्तो पुरुषले पुरुषत्व र माहिलाले स्त्रीत्वको रुपमा आफ्नो पहिचान प्रस्तुत गरेका हुन्छन । यसै सन्दर्भमा प्रख्यात समाजशास्त्री कमला भासिनले हरेक पुरुष भित्र नारीत्व हुने गर्छ र हरेक नारी भित्र पुरुषत्व हुने गर्दछ तर समाज र संस्कृतिले यसलाई प्रस्फुटन हुन दिदैन वा रोक्छ भन्ने तर्क गरेकी छन् (श्रेष्ठ र साथीहरु, २०६६) ।

परिवारमा महिला र पुरुषले सामाजिकीकरण प्रकृया अनुसार विभिन्न कुराहरू सिक्दछन् । समाज र संगठनमा कस्तो व्यवहार गर्ने भन्ने बारे जान्दछन् । यसरी नै समुदायले सामाजिक सांस्कृतिक व्यवस्थापनलाई आधार बनाएर महिला पुरुषको भूमिका निर्धारण गरेको हुन्छ ।

समाज, जाति, उमेर, वर्ग समुह अनुसार महिला र पुरुषका प्रकृति, व्यवहार, मूल्य मान्यता फरक फरक रहेका हुन्छन् । महिला र पुरुषका यिनै मूल्य मान्यता व्यवहार र समुदाय तथा सामाजिक सांस्कृतिक इकाईहरूद्धारा महिला–पुरुषले सम्पादन गर्ने भनी निर्धारण गरेका काम कर्तव्य जिम्मेवारीहरूलाई लैङ्गिक भनिन्छ । मुख्य त महिला र पुरुषले गर्ने सामाजिक, साँस्कृतिक, आर्थिक मनोवैज्ञानिक, राजनैतिक भुमिका र मुल्यमान्यतालाई नै लैङ्गिक भनिन्छ । लैङ्गिक शब्द महिला र पुरुषको सामाजिक व्यवहारसँग सम्बन्धित रहेको छ । समाजले नै महिला र पुरुषले के गर्ने के नगर्ने बारे पद तथा भूमिका निर्धारण गरेको हुन्छ । यसैले लैङ्गिकलाई सामाजिक लिङ्ग पनि भन्ने गरिन्छ । लिंग भेद भन्नाले प्रकृतिले नै छुट्टयाएको मानिसको जैविक भिन्नतालाई जनाउछ भने, लैगिंक विभेदले लिंगका आधारमा समाजले महिला र पुरुषलाई दिएको सामाजिक व्यवहारको भूमिकालाई जनाउँछ ( रा.म.आ.वार्षिक प्रतिवेदन, २०६८) ।

## २.४. सुकुम्वासी सम्वन्धी अध्ययनः

प्राकृतिक प्रकोप लगायतका विषम परिस्थितिजन्य कारणले आफ्नो, आफ्नो परिवार वा अंशियारको नाममा नेपालभित्र जग्गावाला वा मोहिको हैसियतमा कुनै घरजग्गा नभएको वा घर/जग्गा जोड्न सक्ने साधनस्रोत र जीविकाको लागि कुनै ठोस आधार नभएको, ज्याला मजदुरी गरी जीविका चलाउने नेपाली नारिक तथा निजमाथि आश्रित परिवारका सदस्य समेतलाई सुकम्वासी भनेर वुझिन्छ (वार्षिक प्रतिवेदन २०६९) ।

“नेपाल राज्य भरिमा कँही कतै आफ्नो र परिवारको नाममा जग्गा जमिन नभएको, घर नभएको, दिनको एक छाक खान पनि धौ धौ भएको मानिसलाई सुकुम्बासी भनिएको छ (राष्ट्रिय योजना आयोग, २०५०) ।

कृषिमा आधारित अर्थतन्त्रको लागि भूमि आधारभुत श्रोत हो (caplan 1970& 1972) । नेपालको जनगणना २०६८ अनुसार ८३ प्रतिशत जनसंख्या ग्रामिण क्षेत्रमा वस्ने र करिब ६५ प्रतिशत जनसंख्या कृषिमा आश्रित छन् । तिब्रगतिमा जनसंख्या बृद्धिहुदाँ भुमिको अभावहुने क्रममा सुकुम्वासी मानिसको संख्या पनि वढ्दै गएको छ, त्यसका अलावा विभिन्न कारणहरु आन्तरिक द्धन्द्धका कारण देशभित्रै पनि विस्तापित भएका परिवार, तथा देश वाहिर अन्यदेशबाट पनि शरणार्थीको रुपमा बसाइसराइ गर्नु पनि सुकुम्वासीको रुपमा रुपान्तरित हुनु हो (कान्तिपुर, २०६९) ।

नेपालको पूर्वमा “सुखिम” भन्ने ठाउँ छ । उक्त ठाउँमा भारतवाट धपाइएका नेपाली मुलका शरणार्थीहरूले शरण लिएका थिए । ती शरणार्थीहरूलाई सुखिमबासी भनिने गरियो । त्यही नाम विस्तारै अपभ्रंश हुदै कालान्तरमा गएर सुकुम्बासी हुन गयो । पछि सुखीमबाट आएका शरणार्थीहरूलाई मात्र प्रयोग नगरी देश भित्रका कुनै व्यक्ति, बर्ग वा समुदाय घरबार विहिन शरणार्थी सरह भै बाध्यतावश निजी स्वामित्व नभएको सरकारी वा सार्वजनिक जमीनमा शरण लिई बसोबास गर्नेलाई पनि यो नामबाट पहिचान गर्ने परम्परा जनजिब्रोबाटै कायम हुँदै गयो । त्यसबखत राणाकालमा हालको झापा, मोरङ्ग, सुनसरी जिल्लाका झोरा क्षेत्रको जंगल फडानी गरी आवाद खेती गरी बसोबास गर्ने नीजि जमिन नभएका किसानलाई पनि सुकुम्बासी नै भनियो (सुकुम्बासी समस्या समाधान आयोग, २०५२) ।

नेपालमा सुकुम्वासीहरुको सम्वन्धमा सरकारी निकायहरुवाट खासै अध्ययन अनुसन्धान हुन नसकेको हुदा वास्तविक सुकुम्वासीको संख्या यति नै छ भनेर किटान गर्न सकिने अवस्था छैन् । सुकुम्वासी समस्या समाधान गर्न विभिन्न समयमा आयोगको गठन गरिदै आएको पाइन्छ । वास्तविक सुकुम्वासीहरुको पहिचान गरी तिनीहरुको लगत तयार गर्ने, सुकुम्वासीहरुलाई उपलब्ध गराउन सकिने सरकारी जग्गाको पहिचान गरी त्यसको लगत तयार गर्न, सुकुम्वासी व्यक्ति वा परिवारलाई परिचयपत्र वितरण गर्न र त्यस्ता सुकुम्वासी व्यक्ति वा परिवारलाई जग्गा वितरण गर्ने कार्यका लागि नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०६८।८।२० मा श्री भक्तिप्रसाद लामिछानेको अध्यक्षतामा सुकुम्वासी समस्या समाधान आयोग केन्द्रमा र २५ वटा जिल्लामा जिल्ला समितिहरु गठन भएका छन । २५ वटा जिल्लामा सुकुम्वासीको लगत लिने क्रममा ३,९६,२४४ निवेदन दर्ता सम्पन्न भएका छन । जसमध्ये कपिलवस्तु जिल्लामा ९६२२ निवेदन दर्ता भएका छन (सुकुम्वासी समस्या समाधान आयोग प्रगति प्रतिवेदन २०६९) ।

## २.५. हिंसा सम्वन्धि अध्ययनः

घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँदछ (घरेलु हिंसा ऐन, २०६६) ।

लैंगिकतामा आधारित हिंसाले महिला, पुरुष, बालबालिका तथा तेश्रो लिङ्गि विरुद्ध हुने हिंसालाई जनाउछ तथापि यस्तो हिंसाबाट बढी मात्रामा प्रभावित हुने भनेको महिला र

बालिकाहरू हुन । महिला माथि हुने हिंसा भित्र महिला भएकै कारणले भोग्नु परेका विभिन्न खाले भेदभावपूर्ण कार्यहरू महिला हिंसा हो । महिलाहरूलाइ डर, धाक, धम्की तथा ओहदाको उपयोग गरि त्यस किसिमको आघात पुऱ्याउने कार्यका साथै व्यक्तिगत र सामाजिक जीवनमा महिलाको स्वतन्त्रताको हनन गरिन्छ भने त्यस्तो कार्य महिला माथिको हिंसा हो (आचार्य, २०६९) ।

महिला विरुद्ध हुने हिंसा सम्वन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्र १९९३ को धारा १ अनुसार महिलाको निजी वा सार्वजनिक जीवनमा शारीरिक, यौनिक तथा मनोवैज्ञानिक रुपमा आघात पुऱ्याउने गरी संचालन गरिने लिंगमा आधारित क्रियाकलाप वा त्यस किसिमको आघात पुऱ्याउने धम्की दवाव वा स्वतन्त्रतावाट वञ्चित गर्ने कार्य नै महिला विरुद्धको हिंसा हो । जसअन्तर्गत कुटपिट गर्नु, बालबालिका माथि घरभित्र यौन दुर्व्यवहार गर्नु, दाइजोको कारण यातना दिनु, बैवाहिक बलात्कार, यौनच्छेदन, बलात्कार, यौनदुर्व्यवहार, कार्यस्थल, बाटोघाटो, सार्वजनिक यातायातका साधन र शैक्षिक संस्थामा हुने दुर्व्यबहार, चेलिबेटी बेचबिखन तथा जवरजस्ती देहब्यापारमा लगाउनु र राज्यद्धारा गरिने शारिरिक, मानसिक तथा यौन सम्बन्धी हिंसा पर्दछन् (संयुक्त राष्ट्रसंघिय घोषणापत्र, १९९३) ।

लैङ्गिक हिंसामा महिलाहरूले विभिन्न प्रकारका हिंसाजन्य कार्य एवं दुर्व्यवहारको अनुभव गरेका हुन्छन र पिडकका रुपमा मुख्यतया पुरुषहरू नै हुने गर्दछन् । यस्ता हिंसाजन्य कार्य एवं दुर्व्यवहारका विभिन्न स्वरुप हरू हुन्छन । जस्तै हत्या, कुटपिट, यौनशोषण, दाइजो संग सम्वन्धीत हिंसा, बलत्कार, एवं वैवाहिक वलात्कार, जवरजस्ती करणीबाट गर्भधारण, यातना, महिलालाई हानी हुने परम्परागत प्रचलनहरू, श्रीमान वा श्रीमानका नजिकका आफन्तले गर्ने हिंसाजन्य व्यवहार शोषणसंग सम्वन्धित हिंसा, शैक्षिक संस्था वा अन्य क्षेत्रमा काम गर्ने सिलसिलामा गरिने यौन दुर्व्यवहार, महिला बेचविखन एवं जवर्जस्ती रुपमा गरिने देह व्यापार आदि । लैंगिक हिंसाले पुरुषहरू विरुद्धको हिंसालाई पनि जनाउने भए तापनि नेपालको वास्तविकतालाई मनन गर्दा नियन्त्रण एवं सम्वोधनका प्रयासहरूमा महिला र बालिकालाई नै जोड दिइएको छ (राष्ट्रिय कार्य योजना, २०१०) ।

२.६. **महिला हिंसाका प्रकारः**

- **शारीरिक यातना दिई गरिने हिंसाः** यसमा कुटपिट, तथा अंग भंग गर्ने तथा शरिर जलाउने, यौन शोषण तथा बलात्कार, देहव्यापारमा लाग्न वाध्य बनाउने, बालविवाह, श्रमशोषण गर्ने तथा बिरामी पर्दा औषधी उपचार नपाउनु, प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार नहुनु जस्ता हिंसा पर्दछन् ।
- **मानसिक यातना दिइ गरिने हिंसाः** यसमा गाली वेइज्जती तथा आरोप प्रत्यारोप गर्नु, असमान व्यावहार गर्नु, शिक्षा, स्वास्थ्य जस्ता आधारभुत आवश्यकताबाट वञ्चित गर्नु, पारिवारिक वहिष्कार गर्नु, आवतजावतमा प्रतिवन्ध लगाउनु, भावना अभिव्यक्तिको उपेक्षा गर्नु जस्ता हिंसाहरू पर्दछन ।
- **महिलामाथि हुने सामाजिक हिंसाः** यसमा समाजमा छोरा छोरीप्रति गरिने भेदभाव, राजनीतिक तथा कानुन असमानता, वादी प्रथा, कुमारी प्रथा, देउकी प्रथा, छाउपडी, बोक्सी प्रथा जस्ता भेदभावयुक्त प्रथा, धार्मिक कार्य तथा परम्परागत कार्यमा सहभागिता नगराइनु तथा बहिस्कार गरिनु जस्ता हिंसाहरू पर्दछन् ।
- **परिवारबाट महिलामाथि हुने हिंसाः** यसमा हत्या कुटपिट तथा झगडा, पौष्टिक आहारमा कमी, प्रजनन अधिकारमा नियन्त्रण, यौन दुर्व्यवहार, बलात्कार, जबरजस्ती विवाह, धम्की विवाह तथा असमान विवाह, इच्छा विपरितका काम गर्न बाध्य भई मानसिक अशान्ति तथा डर त्रास मा बाँच्न वाध्य जस्ता हिंसा पर्दछन् (भट्टराई र साथीहरू, २०६८) ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ ले घरेलु हिंसालाई शारीरिक, मानसिक, यौनजन्य र आर्थिक यातन गरि चार प्रकारले महिलामाथि घरभित्र हिंसा हुने कुराको चर्चा गरेको छ ।

महिला विरुद्धहुने हिंसा परम्परागत तथा प्रभुत्त हिंसाको रुपमा रहेको छ । महिला विरुद्ध हुने घरेलु हिंसा महिलाको सम्मान पूर्ण जिवन जिउने अधिकार विरुद्धको कार्य पनि हो । यसलाई मानव विरुद्धको कार्य पनि भन्निछ । जसको प्रमुख कारण समाजमा परम्परागत रुपमा विद्यमान रहेको धर्म, परम्परा तथा कुरीति हो । जसले पितृसत्तात्मक समाजलाई प्रश्रय प्रदान गरेको छ (न्यायका लागि आवाज, २०५९) ।

महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरू आफ्नै घर भित्रै पिटिन्छन्, बलात्कार हुन्छन्, जवरजस्ती देहव्यापारमा लगाइन्छन् यौन दासको रुपमा राखिन्छन् । जवरजस्ती गर्भवती वनाइन्छन्, बाल विवाह, अनमेलवहुविवाह विधवा प्रतिको दुर्व्यवहार आदि पनि घरेलु ह्रिंसा अन्तर्गतको हिंसाहरू हुन् (थपलिया, २०५८) ।

मिना आचार्यले “Women and the economy: The key issue” मा बाबु आमाले छोरीको शिक्षा भन्दा छोराको शिक्षालाई बढी ध्यान दिन्छन् किनकी छोरालाई बुढेसकालको सहारा मानिन्छ तर छोरीलाई माइती घरको अस्थाई पाहुना मानिन्छ भनेर उल्लेख गर्नु भएको छ (आचार्य, २०५५) ।

महिलाले माइती र घर दुवै ठाउँबाट सम्पत्तिको हिस्सेदार वन्न नसक्ने भएकोले गर्दा महिलाहरूको विवाह पश्चात सामाजिक आर्थिक, धार्मिक, निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ । सामाजिक, सास्कृतिक रुपले महिलालाई आमाको रुपमा उच्च सम्मानित स्थान दिइएको भएपनि श्रीमतीको रुपमा अपमानित भएर रहनु परेको छ । बुहारीको रुपमा महिलाहरूको जीवन कष्टप्रद नै छ । लोग्नेको दासीको रुपमा पतिलाई नै परमेश्वर मानेर बस्नु पर्ने धार्मिक सांस्कृतिक मान्यता रहेको छ । दिदि बहिनीको रुपमा महिलाको स्थान सम्मानित नै छ । दिदि बहिनीलाई पवित्रतासंग जोडेर हेर्ने गरेको पाइन्छ । प्रसिद्ध समाजशास्त्री Lynn Bennett ले आफ्नो अनुसन्धानात्मक पुस्तक "Dangerous Wives and Sacred Sister: Social and symbolic roles of high-cast women in Nepal." 1983 मा पनि यसै प्रसंङ्गलाई पुष्टि गरेकी छन् ।


महिलालाई गरिने गाली वेइज्यती पारिवारिक भेदभाव, दाइजो, नल्याउनाका कारण गरिने भेदभाव, श्रीमान श्रीमतीको इच्छा विपरित राख्ने यौन सम्पर्क, छोरा जन्माउनु पर्ने वाध्यता, घरमा सवभन्दा पछि खाना खानु पर्ने चलन जस्ता सम्पूर्ण कुराहरू महिला विरुद्धका घरेलु हिंसाका स्वरुपहरू हुन् । यस्ता खाले हिंसाबाट महिलाहरूको स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्दछ (राजभण्डारी, २०५५) । तापनि अशिक्षा, कानुनी उपचारको जानकारीको अभाव तथा आफन्तको दवावका कारण वाह्य व्यक्तिबाट प्रायः जसो यौन जन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी समक्ष पुऱ्याउँदैनन् किनकि प्राय त्यस्ता मुलुकहरू जहाँ महिलाको कुमारित्वलाई परिवारको इज्जतसंग जोडिन्छ त्यहाँ महिलाहरूको आफ्नै वलात्कारको कुरा

सार्वजनिक भएमा त्यहि वलात्कारीसंग विवाह गर्न दवाव दिइन्छ (विश्व स्वास्थ्य संगठन, १९९७) ।

यौन जन्य दुर्व्यवहार कुनै व्यक्ति विरुद्ध यौन जन्य मनसायले गरिने अनिच्छित आचरण वा व्यवहार हो । यस्तो यौन जन्य दुरर्व्यवहार शारिरिक मौखिक लिखित वा इशाराले जुनसुकै पनि हुन सक्छ । शारीरिक यौन जन्य चुट्किलाहरू अप्रिय कुराकानी वा ठट्टा, लैंगिक लक्षित अपमान जनक वचनहरू, अनिच्छित यौन जन्य आमन्त्रणहरू, प्रस्तावहरू वा दवाव पर्दछ । यस्तै लिखित यौन जन्य दुर्व्यवहारभित्र यौन सम्वन्धि सामग्री प्रदर्शन गर्नु, अश्लिल वा कामुक तस्वीरहरू वस्तु वा लिखित सामग्री प्रदर्शन गर्नु आदि पर्दछ भने घुरेर हेर्नु, सुसेली वजाउने, आँखा जुधाउनु, यौन जन्य अश्लिल इशारा गर्ने आचरणहरू इशाराले गर्ने यौन जन्य दुर्व्यवहारहरू हुन् ( मल्ल, सपना २०६०) ।

## २.७. अवधारणगत प्रस्तुतीकरणः

सन्दर्भ साहित्यको अध्ययन पश्चात यो निचोडमा पुगिन्छ कि, घरेलु हिंसाका प्रमुख कारक तत्वहरूमा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक असमानता हो । हिंसाका प्रकारमा शारिरीक, मानसिक, आर्थिक, र यौनिक हिंसा हुने पाइयो । आर्थिक, सांस्कृतिक र राजनैतिक प्रभावले गर्दा सामाजिक असमानताले गर्दा हिंसा हुने गरेको पाइयो । यसैलाई आधारमानि निम्नानुसारको सैद्धान्तिक अवधारणा अपनाइएको छ ।




माथि प्रस्तुत अवधारणमा महिला विरुद्ध हुने हिंसा पाँच प्रकारका  हुने पाइयो: शारिरीक, मानसिक, यौनिक, आर्थिक र परम्परागत । नेपालको परिप्रेक्षमा, शक्तिको असमान बाँडफाँड र आर्थिक असमानताले गर्दा घरेलु हिंसालाई बढावा दिइएको पाइन्छ । त्यस्ता हिंसाका घट्नाहरू प्राय जसो घरपरिवार तथा सार्वजनिक स्थलमा समेत बारम्वार हुने गर्दछन ।

# अध्याय- तीन

# अनुसन्धान विधि

प्रत्येक अनुसन्धान कार्यमा अनुसन्धान विधिको प्रयोग गरिएको हुन्छ । अनुसन्धान विधि बिनाको कार्यले अनुसन्धान पूर्ण हुँदैन भने एउटा मात्र अनुसन्धान विधिले सूचनाको श्रोत प्राप्त गर्न सक्दैन । तसर्थ यहाँ विभिन्न प्रकारका अध्ययन विधिबाट तथ्याङ्क संकलन गर्ने काम गरिएको छ । यस परिच्छेदमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, तथ्याङ्क संकलनको श्रोत र प्रकृति, तथ्याङ्क संकलन विधि, अध्ययनको सीमा, तथ्याङ्कको वर्गीकरण, सम्पादन र प्रस्तुतीकरण गरिएको छ ।

## ३.१. अध्ययन क्षेत्र छनौटको औचित्यः

यस अध्ययनको लागि कपिलवस्तु जिल्ला वडा नं.-३, स्थित राजापानी गाउँमा रहेको सुकुम्वासी वस्तीका महिलाहरूले भोगेका घरेलु हिंसाको बारेमा अध्ययन गरिएको छ । यस वस्तीमा बस्ने महिलाहरू विभिन्न किसिमका घरेलु हिंसाको शिकार भएको कुरा थाहा हुन आएको र उनिहरूको बारेमा अहिले सम्म कुनै पनि अध्ययन नभएको हुदाँ यस क्षेत्रका महिलाहरूले कस्तो कस्तो हिंसाको शिकार हुन परेको छ भन्ने कुरा पहिल्याउन , देशमा आएको सामाजिक परिवर्तनले पनि महिलाहरूको आर्थिक र सामाजिक पक्षमा कस्तो परिवर्तन आएको छ र यस भेगका महिलाहरूको अवस्था समेत जान्न खोजेकोले यस क्षेत्रको छनौट गरिएको हो ।

अतः यस सुकुम्वासी वस्तीलाई अध्ययन क्षेत्रको रुपमा छनौट गर्नुका कारणहरु निम्न लिखित रहेका छन ।

(क) अहिले सम्म यस सुकुम्वासी वस्तीका महिलाहरुले भोग्नुपरेको घरेलु हिंसाको बारेमा अध्ययन अनुसन्धान नभएको हुदाँ यहाँका महिलाहरुको अवस्था अध्ययन गर्न ।

(ख) शोधकर्ता स्थानीय बासिन्दा भएको र उनीहरुको बारेमा अध्ययन अनुसन्धान गर्न सजिलो हुने हुनाले ।

(ग) विभिन्न पत्र पत्रिका तथा टि. भी. को समाचार पढदा र सुन्दा उत्सुक भई घरेलु हिंसा र महिलाको अवस्थाको वारेमा अध्ययन गर्न ।

## ३.२. अनुसन्धान ढाँचाः

यस अध्ययनमा दुई किसिमका ढाँचाहरू प्रयोग गरिएका छन्-अन्वेषणात्मक र बर्णनात्मक । यी दुई ढाँचाहरू प्रयोग गरी महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा यसलाई प्रभाव पार्ने विभिन्न तत्वहरू जस्तो कि सामाजिक, आर्थिक तथा यसका सहायक पक्षहरूको विश्लेषण गरिएको छ । त्यसैगरी नयाँ तथ्यहरूलाई बाहिर ल्याउने क्रममा अन्वेषण पद्धति प्रयोग गरिएको छ ।

## ३.३. तथ्याङ्क संकलनको श्रोत र प्रकृतिः

यस अध्ययन अनुसन्धानको क्रममा प्राथमिक र द्वितिय श्रोतको प्रयोग गएिको छ ।

क) यस सोधपत्रमा प्राथमिक र द्वितीय श्रोतहरूबाट तथ्याङ्क संकलन गरिएको छ । अध्ययन क्षेत्रमा गएर विभिन्न तथ्याङ्क संकलन विधिबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक तथ्याङ्कको रुपमा लिइएको छ ।

ख) द्वितिय तथ्याङ्कको रुपमा विभिन्न प्रकाशित, अप्रकाशित लेख, रचनाहरू, पुराना सम्बन्धित शोधपत्रहरूलाई लिइएको छ ।

## ३.४. अध्ययनको समग्रता र नमूना छनौटः

यस गजेहडा गा.वि.स.को वार्ड नं. ३ मा जनगणना २०६८ अनुसार जम्मा जनसंख्या १,४४७ मा रहेकोमा यस राजापानी वस्तीमा ४२ घर परिवार संख्या सुकुम्वासी रहेका छन् । जसमा उनीहरूको कुल जनसंख्या २१३ रहेको छ । त्यसमा महिलाहरूको संख्या १०९ छ भने पुरुषहरूको संख्या १०४ छ । वस्तीमा रहेका सम्पूर्ण महिलाको अध्ययन गर्न नसकिने भएकोले यस अध्ययनमा ४० जना महिलाहरूको मात्र नमुना छनौट गरिएको छ ।

## ३.५.   तथ्याङ्क संकलन विधिः

यस अध्ययनको उद्देश्य अनुरुप प्राथमिक र द्वितिय श्रोतहरूको आधारमा जानकारी हाँसिल गर्ने उद्देश्य राखिएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा प्रश्नावली, अन्तवार्ता, अवलोकन, अवस्था अध्ययन पद्धति प्रमुख रहेका छन् ।

### ३.५.१  प्रश्नावली अनुसूचीः

#### ३.५.१.१ अर्धसंरचित अर्न्तवार्ताः

यस विधि अर्न्तगत अनुसन्धानकर्ताले सम्बन्धित वस्तीका महिलाहरुलाई भेटेर अनुसूची १ मा उल्लेखित प्रश्नावली अर्धसंरचित अर्न्तवार्ता फारम भर्ने काम गरिएको छ । यस विधिमा अनुसन्धानकर्तालाई सुकुम्वासी महिलाहरुको मनोवैज्ञानिक अध्ययन समेत गर्ने मौका प्राप्त भएको थियो । यसमा प्रश्नावली अन्तर्गत सुकुम्वासी महिलाहरुको शिक्षा, उमेर, पारिवारिक आर्थिक अवस्था, सहनु परेका हिंसात्मक व्यवहार, पेशा लगायतका विषयमा तथ्याङ्क संकलन गरिएको थियो ।

#### ३.५.१.२ जीवन इतिहास :

सुकुम्वासी महिलाहरुसंग  उनीहरुले जीवनमा भोगेको अनुभवहरु, आईपरेका समस्याहरु तथा सहजता जस्ता कुराहरु बारेमा जीवन इतिहास सोधिएको थियो ।

### ३.५.२  अवलोकन

यस अध्ययनमा अनुसन्धानकर्ता आफै सुकुम्वासी वस्तीमा गइ त्यहाका महिलाहरुको पारिवारिक अवस्था, सामाजिक सास्कृतिक आर्थिक अवस्था तथा सुकुम्वासी महिलाहरु बीचको आपसी सम्बन्ध, उनीहरुको दिनचर्या, उनीहरु प्रति परिवारका सदस्य र छिमेकीहरुले गर्ने व्यवहार आदिको अवलोकन गरिएको थियो । सहभागीमूलक अवलोकनद्वारा छनौट गरिएका महिलाहरुसँग कुराकानी तथा प्रत्यक्ष भेटघाट, उठबस गरी अवलोकन गरिएको थियो ।

### ३.५.३. वैयक्तिक अध्ययनः

सुकुम्वासी वस्तीमा बस्ने चार जना महिलाहरूको वैयक्तिक अध्ययन गरिएको छ । जसमा यस वस्तीमा दोहोरिरहेका घरेलु हिंसाहरुमध्ये का हिंसापिडित महिलाहरुलाई छनौट गरिएको छ । जसमध्ये दाइजोको कारण, दलित भएका कारण, श्रीमान्ले दिनहु रक्सि सेवन गरि कुटपिट गरेका कारण, एव श्रीमानले दोश्रो विहे गरि हेलागर्ने आदि विभिन्न कारणले हिंसात्मक व्यावहारका शिकार भएका मध्येबाट ४ जना महिलाहरुको वैयक्तिक अध्ययन गरि उनीहरूको बालअवस्था देखि हालसम्मका सामाजिक, आर्थिक र सुकुम्वासी वस्तीमा बस्दाको अवस्था तथा उनीहरूको अनुभवलाई समावेश गरिएको छ ।

### ३.६. तथ्याङ्क वर्गिकरण, सम्पादन एवं प्रस्तुतिकरणः

अध्ययनमा संकलन गरिएको सुचना तथा तथ्याङ्कलाई विभिन्न गणितिय माध्यमहरू, चार्टहरू, तालिकाहरू मार्फत प्रस्तुतिकरण गरिएको छ ।

### ३.७. अध्ययनको सिमाङ्कन :

सुकुम्वासी महिलामाथि हुने घरेलु हिंसाको विषयमा अध्ययन केन्द्रित रहि कपिलवस्तु जिल्ला भित्र अवस्थित सुकुम्वासी वस्तीहरू मध्ये गजेहडा गा.वि.स वडा.नं -३ स्थित राजापानी गाउँका ४२ घरधुरि भएको वस्तीबाट अध्ययन गरि निस्केका निष्कर्षलाई यहि क्षेत्र सम्म मात्र केन्द्रित गरिएको छ।

- यस अध्ययनलाई राजापानी गाउँका सुकुम्वासी महिलाहरु माथि हुने गरेको हिंसाको अध्ययनमा मात्र सिमित गरिएको हुदाँ सम्पूर्ण सुकुम्वासी महिलाहरुको प्रतिनिधीत्व गर्न सक्दैन ।
- शोधकर्ताले सिमिति श्रोत साधन, तथा सामग्रीको प्रयोग गरि आफ्नो अध्ययनको विषय भित्र परेको एउटा विषयको मात्र अध्ययन गरिएको हुदाँ वृहत क्षेत्रलाई समेटेर अध्ययन गर्न सकिएको छैन ।

# अध्याय- चार

## हिंसा पिडित महिलाहरूको सामाजिक, सास्कृतिक, आर्थिक पृष्ठभुमिः

नेपाली समाजमा अधिकांश महिलाहरू दविएर पिल्सिएर पिडित भएर वस्न वाध्य छन् । समाजमा मात्र हैन उनीहरू आफ्नै परिवारबाट पनि हिँसाको शिकार भएका छन् । यसरी आफ्नै परिवारबाट हुने हिँसामा श्रीमान, सासु-ससुरा, नन्द अमाजु आदि बाट विभिन्न प्रकारका कुटपिट, बलात्कार, अवान्छित शव्द प्रयोग गरी गाली गर्ने, चोरी तथा झुट्टा आरोप लगाउने, शारीरिक तथा मानसिक यातना दिने गरेको पाइन्छ । यस्तो हुनुमा महिलाहरूको आर्थिक, शैक्षिक, सामाजिक हैशियत नहुनु हो । हाम्रो समाजमा छोरीलाई जन्मे देखि नै हेलाको दृष्टिले हेरिने भएकोले उनीहरूलाई उचित शिक्षा दिइदैन जसले उनिहरूको क्षमता विकास पनि हुदैन परिणामतः उनीहरूको आर्थिक अवस्था पनि कमजोर हुन्छ । त्यसमा पनि सुकुम्वासी महिलाहरूको अवस्था तुलनात्मक रुपमा अझ वढी दयनीय रहेको हुन्छ ।

यस अध्ययनमा सुकुम्वासी महिलासँग उनीहरूको सामाजिक स्थिति जसमा उनीहरूको जातिगत विवरण तथा क्षेत्रगत विवरण, उनीहरूको धार्मिक, शैक्षिक अवस्थाका बारेमा तथ्याङ्क प्रस्तुत गरिएको छ । यसको अलावा उनीहरूको आर्थिक अवस्था, पेशा, आयआर्जनको पनि तथ्याङ्क प्रस्तुत गरिएको छ ।


## ४.१ जातिगत आधारमा सुकुम्वासी महिलाहरूको विवरण:

यस अध्ययनमा जातजातिगत आधारमा सुकुम्वासी महिलाहरूको अध्ययन गर्न खोजिएको छ । यस वस्तीमा कुन-कुन जातिका मानिसहरू छन् र कुन जातिहरूको वर्चस्व बढि मात्रामा छ भनेर यस अध्ययन गर्न खोजिएको छ । जुन निम्न अनुसार छ ।

**तालिका नं. १: जातिगत आधारमा सुकुम्वासी महिलाहरूको विवरण**

| जाति तथा जनजाती | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| कामी | १५ | ३७.५० |
| थारु | ८ | २०.०० |
| क्षेत्री | ६ | १५.०० |
| दमाइ | ६ | १५.०० |
| कुमाल | ५ | १२.५० |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०६९




माथिको तालिका एवम् ग्राफले यस सुकुम्वासी बस्तीमा विभिन्न जात तथा जातिका मानिसहरू वसोवास गरेको देखाउँछ । जस अनुसार ४० घर परिवार मध्ये १५ घर परिवार कामी रहेका र त्यसलाई १००% मा गणना गर्दा ३७%, थारु ८ घरपरिवार २०%, क्षेत्री ६ घरपरिवार १५%, दमाई ६ घरपरिवार १५% र कुमाल ५ घरपरिवार १२.५०% बसोवास गरेको देखिन्छ । अध्ययन अनुसन्धानको क्रममा पहिचान गरिएका जातजाती मध्ये कामी जातिले बढि सुकुम्वासीहरूको प्रतिनिधित्व गरेको छ ।


## ४.२ उमेर तथा लिंगको आधारमा जनसंख्या बनोटः

यस वस्तीमा रहेका घरपरिवारमा उमेर तथा लिंगको आधारमा जनसंख्याको विवरण हेर्न खोजिएको छ। यसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं.२ः उमेर तथा लिंगको आधारमा जनसंख्या विवरणः**

| उमेर समूह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ० देखि १४ | ६७ | ६१.४७ | ६१ | ५८.६५ | १२८ | ६०.१० |
| १५ देखि २९ | १४ | १२.८४ | १७ | १६.३५ | ३१ | १४.५५ |
| ३० देखि ४४ | १७ | १५.६० | १३ | १२.५० | ३० | १४.०८ |
| ४५ देखि ४९ | ७ | ६.४२ | ८ | ७.६९ | १५ | ७.०४ |
| ६० देखि माथि | ४ | ३.६७ | ५ | ४.८१ | ९ | ४.२३ |
| जम्मा | १०९ | १०० | १०४ | १०० | २१३ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६९




माथि प्रस्तुत तालिका एवम् ग्राफ अनुसार ० देखि १४ वर्ष उमेरका बालबालिकाहरूको संख्या बढि ६०.१०% रहेको छ भने सबै भन्दा कम ६० देखि माथिको उमेर समूहमा ४.२३% रहेका छन्। यसरी समग्रमा हेर्दा ० देखि १४ वर्ष उमेर समूहको जनसंख्या बढि हुनुमा सरदरमा हरेक परिवारमा वाल वच्चाहरू धेरै रहेको देखिन्छ। यसो हुनुमा जन चेतना र प्रजनन् स्वास्थ्य सम्वन्धी प्रशस्त ज्ञान नभएको बुझिन्छ। गरिवीका कारण धेरै सन्तान भएमा घरको काम काजमा पनि सहयोग हुन्छ भन्ने अवधारणा हरेक सुकुम्वासी वासिन्दाहरूमा पाइयो।

## ४.३. साक्षरता तथा शैक्षिक स्थितिः

यस अध्ययनमा सुकुम्वासी वस्तीका महिलाहरूको शैक्षिक स्थितिलाई हेर्न खोजिएको छ । यस बाट महिलाहरूको शैक्षिक अवस्था र जीवनस्तर र सचेतनाको स्तरलाई हेर्न खोजिएको छ ।

**तालिका नं.३ः साक्षरता तथा निरक्षर विवरणः**

| शैक्षिक अवस्था | महिला संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २७ | ६७.५० |
| साक्षर | १३ | ३२.५० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिका अनुसार यस बस्तिका महिलाको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा निरक्षर महिलाहरूको संख्या ६७.५०% रहेको पाइयो । भने साक्षर महिलाहरूको संख्या ३२.५०% रहेको पाइयो । अध्ययनको सिलसिलामा आफूले पढ्न नपाएको वा नसकेको भएतापनि सुकुम्बासी महिलाहरू आफ्ना छोरा छोरी दुवैलाई शिक्षाको अवसर दिनुपर्छ भन्न थालेका छन ।

## ४.४. पारिवारिक संरचना र परिवारको आकारः

यस शिर्षकमा एकल परिवार, संयुक्त परिवारको तथ्याङ्कबाट यस वस्तीको पारिवारिक संरचना बारे बुझ्न खोजिएको छ, जुन तल उल्लेख गरिएको छ ।

**तालिका नं.४ः पारिवारिक संरचना र परिवारको आकारः**

| पारिवारिक संरचना | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त परिवार | ३ | ७.५० |
| एकल परिवार | ३७ | ९२.५० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६९

यस तालिकामा सुकुम्वासीहरूको पारिवारिक संरचनाको आधारमा पारिवारिक विवरण प्रस्तुत गरिएको छ । जस अनुसार ७.५०% संयुक्त परिवार रहेका छन् भने ९२.५०% एकल परिवार रहेको पाइयो । एकल परिवारको संख्या कम हुनुमा भने छोरा बुहारी आमा-बाबुसँग मिलेर बस्न नसकी छुट्टै बसेको पाइयो भने अहिलेका युवा पुस्ता चाँही सानो परिवारमा बस्दा आफुलाई सुख हुने र धेरै कमाउन पनि नपर्ने तथा बाँडफाँड पनि गर्नु नपर्ने भएकोले छुट्टै बस्न रुचाएको पाइयो ।

## ४.५.   जन्म स्थानको आधारमा वसाई, सराइको स्थिती:

यस अध्ययन क्षेत्रमा नेपालको कुन भौगोलिक क्षेत्रबाट वसोवास गरि आएका छन् । यहाँ स्थानीय परिवारहरू छन् की छैनन र कहाँका बढिछन् र जाति र क्षेत्रगत रुपमा भिन्न संस्कृति र संस्कार भएर पनि एकै ठाउँमा मिलेर बस्न के कुराले सहयोग पुऱ्यायो भन्ने बारेमा बुझ्न खोजिएको छ । जुन निम्नानुसार पाइएको छ ।

**तालिका नं.५: जन्म स्थानको आधारमा घरपरिवारको उत्तरदाताको विवरण:**

| जिल्ला | घरपरिवारको संख्या | प्रतिशत |
|---|---|---|
| कपिलवस्तु | १६ | ४०.०० |
| अर्घाखाँची | ९ | २२.५ |
| पाल्पा | ७ | १७.५० |
| दाङ्ग | ५ | १२.५० |
| स्याङ्गजा | ३ | ७.५० |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०६९

माथिको तालिका अनुसार यस वस्तीका सुकुम्वासीहरूको जन्मेको स्थानलाई प्रस्तुत गरेको छ । अनुसन्धानको क्रममा यस बस्तीमा सबैभन्दा बढी कपिलवस्तु ४०.००% रहेको पाइयो भने दोस्रोमा अर्घाखाँची जिल्लाबाट आएर बसोवास गरेकाहरू २२.५०% र तेस्रोमा पाल्पाबाट १७.५०% सुकुम्वासी यस ठाउँमा बसोवास गरेको पाइयो भने दाङ्ग १२.५० र सबैभन्दा थोरै स्याङ्गजा ७.५०% रहेका छन् ।

यसबाट के थाहा हुन्छ भने स्थानीय बासिन्दाहरू उनीहरूको पुस्तैनी घर नभएको र आफुले पनि कुनै जग्गा जमिन जोड्न नसकेकाहरू सुकुम्वासीको रुपमा यहाँ बसोबास गर्दै आएको पाइयो । त्यसै गरि नजिकैका जिल्लाहरू अर्घाखाँची, पाल्पा, दाङ्ग, स्याङ्गजा आदि ठाँउहरूवाट कामको सिलसिलामा वसोवास सरेको पाइयो ।

## ४.६.   सुकुम्वासी महिलाको हालको अवस्था:

महिला सुकुम्वासी हुनुको प्रमुख कारणमा पैतृक सम्पति नहुनु हो । अर्को प्रमुख कारण सुकुम्वासी पुरुषसँगको विवाह पनि हो । उनीहरूको आर्थिक स्थिति कमजोर भएको कारणले सुकुम्वासी हुनुको पिडा भोगिरहेका छन् । उनीहरूले उचित समयमा उचित खालको खानपान,

स्वास्थ्य सेवा, शिक्षा रोजगारी पाउन सकेका छैनन । जसले गर्दा विभिन्न समस्याहरू उत्पन्न भएका छन् । सुकुम्वासी महिलाहरूको अवस्था अरु साधारण महिलाहरूको भन्दा झन कष्टप्रद खालको छ । उनीहरू अशिक्षित र गरिव भएको कारणले गर्दा उनीहरूको दैनिक जिवनयापन गर्न अति नै गाह्रो भएको छ । सुकुम्वासी भएकोले राम्रो रोजगारको अवसरबाट वन्चित हुनुको साथै उनीहरूलाई सरकारले समेत उचित सेवा उपलब्ध गराउन सकेको छैन जस्तै खानेपानी, विजुली, स्वास्थ्य केन्द्र, विद्यालय महिलाले परिवारको सम्पूर्ण खर्च आफै जुटाउनु पर्ने भएकोले जुन काम पाउछन् त्यहि काम ज्याला मजदुरी गर्ने, ढुङ्गा कुट्ने, अरुको घरमा काम गर्ने गरेको पाइयो । उनीहरू अरुको घरमा काम गर्न जादा विभिन्न किसिमका हिंसाको शिकार हुन पुगेका छन् । जसमा यौन हिंसाका घटना जिस्काउनु, कुटपिट गर्ने, चोरी, बोक्सी जस्ता आरोप जस्ता घटनाहरू घटेको देखिन्छ । जसले गर्दा उनीहरू शारीरिक र मानसिक दुवै किसिमका हिंसाको शिकार हुन पुगेका छन् ।

## ४.७. सुकुम्वासी महिलाको हालको स्वास्थ्य अवस्थाः

नेपाली महिलाहरूको स्वास्थ्यको स्थिति कमजोर रहनुका प्रमुख कारणहरूमा सामाजिक-सास्कृतिक प्रचलनमा भेदभाव, स्वास्थ्य सेवा व्यवस्था प्रभावकारी नहुनु तथा गरिवी जस्ता कुराहरू पर्दछ । नेपाली समाजमा सानै उमेरमा विवाह गरिदिने कारणले पनि महिलाको स्वास्थ्यमा प्रतिकुल असर परेको छ ।

सुकुम्वासी महिलाहरूको स्वास्थ्यको कुरा गर्दा उनीहरू पनि विभिन्न किसिमका रोगका शिकार भएका छन् । जसले गर्दा उनीहरूको स्वास्थ्य दिन प्रतिदिन विग्रदै गएको कुरा अध्ययनको क्रममा थाहा भयो । उनीहरू विभिन्न किसिमका स्त्रीरोगबाट ग्रसित भएका छन् । उचित शिक्षाको कमीले गर्दा धुम्रपान र मध्यपानले गर्दा क्षयरोग, दम, खोकी फोक्सो सम्वन्धी रोगलागेको पाइन्छ । स्वास्थ्य सगं सम्वन्धीत ज्ञानको अभावमा उनिहरूले आफ्ना बालवालिकाको उचित रेखदेख गर्न नसक्दा केटाकेटी ज्वरो, रुघाखोकी निमोनिया, जन्डीस जस्ता रोग लाग्ने गरेको देखियो । गरिविको कारणले गर्दा उचित उपचार पाउन सकेका छैनन । जसले गर्दा उनीहरूको स्वास्थ्य दिन प्रतिदिन विग्रदै गएको पाइन्छ ।

## ४.८ सुकुम्वासी महिलाहरूको हालको आर्थिक अवस्था:

गरिवी नेपालको रोग नै भएको छ । महिलाहरू वीच गरिवी बढि व्याप्त हुनुको पछाडी विकासका परिसुचकका सबै परिसुचकमा महिला र पुरुष वीच व्यापक भेदभाव हुनु हो । महिलाहरूको शिक्षा, स्वास्थ्य सेवा, ऋण सुविधा तथा रोजगारीका अवसरहरूबाट बन्चित भएका छन् वा यस्ता अवसरहरू सिमित महिलाले मात्र पाएका छन् । मानिसको गाँस बास र कपास जस्ता अनिवार्य र प्रारम्भिक समस्याले सताइरहेको हुन्छ । हरेक समाजमा रहेको व्यक्तिहरूको सामाजिक प्रतिष्ठा उसको आर्थिक स्थितिले औल्याउने गरेको पाइन्छ । आर्थिक असमानताको कारण कुनै पनि समाजमा धनि र गरिव दुई वर्गको उदय भएको पाइन्छ ।

यस सुकुम्वासी वस्तीका सबै जसो महिलाहरू अशिक्षित ६७.५० प्रतिशत भएको कारणले उनीहरूले राम्रो काम पाउन सकेका छैनन । उनीहरूको मुख्य पेशा भनेको ज्याला मजदुरी हो भने अन्य काममा अरुको घरमा गएर काम गर्नु सिलाई कटाई गर्ने, सानातिना पसल गर्ने, र सहायक काममा कुखुरा पालन, बंगुरपालन पनि गर्ने गरेका पाइन्छ । ज्याला मजदुरीमा कामगर्न जाँदा विभिन्न किसिमका हिंसाको सिकार हुनु परेको वताएका छन् । जसमा यौनहिंसामा पर्ने, कुटपटि गर्ने, चोरीको आरोप, जिस्काउने जस्ता घटनाहरू हुने गरेको वताए । जसले गर्दा उनिहरू शारीरिक र मानसिक दुवै किसिमका हिंसाको सिकार हुन पुगेका छन् । यसरी आर्थिक विपन्नताका कारण सुकुम्वासी महिलाहरूको दैनिक जिवनयापन कठिनाईपूर्ण तवरले वितिरहेको हुदाँ छोरा छोरीहरूलाई उचित शिक्षा, स्वास्थ्य र उचित खानपानको समेत व्यवस्था गर्न सकेका छैनन् ।


## ४.९ पेशागत विवरण:

सुकुम्वासी महिलाहरू आर्थिक रुपले कमजोर भएकोले आफ्नो दैनीक गुजारा गर्न विभिन्न खालका पेशा अपनाएको पाइयो । उक्त कुरालाई यस तालिकाले प्रष्ट बनाउँछ ।

**तालिका नं.६: सुकुम्वासी महिलाहरूको पेशागत विवरण:**

| विवरण | महिला संख्या | प्रतिशत |
|---|---|---|
| ज्याला मजदुरी | १४ | ३५.०० |
| अरुको घरमा गई काम गर्ने | ११ | २७.५० |
| व्यापार (साधारण पसल, रक्सी पसल) | ७ | १७.५० |
| सिलाई, कटाई | ३ | १२.५० |
| गृहिणी | ५ | ७.५० |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०६९




प्रस्तुत तालीका एवम् ग्राफ अनुसार यस सुकुम्वासी वस्तीमा बस्ने महिलाहरू मध्ये छनौटमा परेका महिलाहरूले कस्तो खालका पेशा अपनाएका छन् भनी अध्ययन गर्दा सबै भन्दा वढी ३५ % महिलाले ज्यालामजदुरीको काम गर्ने गरेको पाईयो, शारीरिक रुपमा काम गर्न गाह्रो हुने भएतापनि वढी ज्याला पाइने भएकोले यस्तो काम गरेको पाईयो । २७ % महिलाले अर्काको घरमा गइ घरायसी काम गर्ने गरेको पाईयो । १७.५० % महिलाले सानोतिनो व्यापार व्यावसाय गर्ने गरेका र १२ % महिलाले सिलाइ कटाईको पेशामा संलग्न भएको पाईयो भने ७.५० % महिला गृहिणी भइ आफ्नै घरको काम गरेको पाईयो ।

## अध्याय - ५

# सुकुम्वासी महिलामा हुने घरेलु हिंसा र उनीहरूमा परेको असर र प्रभाव

महिला माथि हुने विभिन्न हिंसा मध्ये घरेलु हिंसा एक प्रमुख हिंसाका रुपमा रहेको छ। सामाजिक, आर्थिक, शैक्षिक रुपले महिलाको स्थान उच्च हुन नसक्नुका कारण महिलाले विभिन्न हिंसाका शिकार हुनु परेको छ । त्यसमा पनि व्यापक गरिवि, अशिक्षा र सचेतनाका करण सुकुम्वासी महिलाहरूले सहनु परेका घरेलु हिंसाका घटनाका कारण उनिहरूमा विभिन्न किसिमका असर र प्रभावहरू देखिएको छ ।

सुकुम्वासी महिलाहरूले अशिक्षित र गरिवी भएको कारणले गर्दा उनीहरूलाई परिवारका सदस्यले पनि कुटपिट गर्ने, गाली गर्ने, र श्रीमानको पिटाइ खाने छोरा नै पाउनु पर्छ भन्ने मानसिकताले ग्रसित हाम्रो समाजमा उनीहरूलाई छोरा नपाए घर बाट निकाल्ने जस्ता डरलाग्दा हिंसाका शिकार हुने गरेको छ। जसमा सुकुम्वासी महिलाहरूले शारिरिक र मानसीक रुपमा हिंसाहरू भोगीरहेका छन् शारीरिक हिंसामा कुटपिट, चोरीको आरोपबाट पिटाई खानु पर्ने, बलात्कार, सन्तान जन्माउन नै पर्ने वाध्यता, त्यसमा पनि छोरा नै जन्माउनु पर्ने छोरालाई जन्म दिन नसके अर्को विवाह गर्ने जस्ता हिंसाको शिकार हुनु परेको छ। त्यस्तै गरि मानसिक हिंसामा गाली गलौज अवान्छित शब्द प्रयोग गरि गालि गर्ने, झुठो आरोप लगाउने जिस्काउने, यौन सम्वन्धित यातना भोग्नु परेको छ।

सामाजिक सचेतनाको कमिका कारण, महिला विरुद्धको हिंसा सम्बन्धि अपराधका अधिकाशं घटना जाहेरीमा आउदैनन् । त्यसमा पनि घरेलु हिंसाका घटनाहरू सार्वजनिक नहुनुमा पीडित पक्षको सक्षमताको अभावका कारण उजुरी गरे पनि अन्तत त्यहि परिवारमा वस्नुपर्ने वाध्यताले गर्दा चुपचाप आफुमाथिको हिंसा सहने वानी परिसकेको पाईन्छ।

## ५.१. महिलाबाट महिलामाथि हुने हिंसाः

लैङ्गिक विभेदको स्थीति विकराल अवस्थामा छ । यसका अलावा महिला महिला विच समेत भेदभाव रहेको छ । महिला महिला विचको मतभेदकै कारण लैङ्गिक समानता कायम गर्नमा समेत कठिनाई हुने कुरामा दुईमत हुन सक्दैन । त्यसैले गर्दा यस क्षेत्रमा रहेको लैङ्गिक

विभेद उजागर गर्ने क्रममा महिला महिला विचमा रहेको भेदभावलाई समेत स्थलगत अध्ययनका माध्यमद्वारा प्रष्ट पार्ने कोसिस गरिएको छ ।

**तालिका : ७: महिलाबाट महिलामा हुने हिंसा**

| पिडक | पिडित | पिडित संख्या | प्रतिशत |
|---|---|---|---|
| सासु | बुहारी | २१ | ५२.५० |
| नन्द-अमाजु | भाउजु बुहारी | १३ | ३२.५० |
| सौता | सौता | १ | २.५० |
| छिमेकी | छिमेकी | ५ | १२.५० |
| जम्मा | | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६९

उक्त तालिका अनुसार महिलाहरू पुरुषबाट मात्र नभई महिला सदस्यबाट पनि पिडित भएको पाइयो । जसमा सासुबाट हिँसा पिडित हुनेहरूमा ५२.५०% महिलाहरू छन् । त्यस्तै दोस्रोमा नन्द आमाजुबाट ३२.५०% महिलाहरू पिडित भइरहेका छन् । १२.५०% महिलाहरू आफ्नै छिमेकी महिलाहरूवाट पिडित भइरहेका छन् भने २.५०% महिलाहरू आफ्नै सौताबाट पिडित भएको पाइन्छ ।

महिला-महिलाविचको हिंसा पुरुषहरूले गर्ने हिँसा भन्दा विकराल रुपमा लिएको पाइन्छ । परिवारमा सासु नै घरभित्रका क्रियाकलापमा सर्वेसर्वा हुने भएकोले सासुबाट बुहारीमा यस्ता हिँसा बढि हुने गरेको पाइन्छ । घरको सवैकाम बुहारीलेनै गर्नुपर्ने, बुहारीको स्थान परिवारका अन्य सदस्यको तुलनामा तल्लो स्थानमा हुनुपर्ने, तथा विवाहमा प्रसस्त मात्रामा दाइजो ल्याउनु पर्ने जस्ता पुरातनवादी सोचका कारणले गर्दा सासु-बुहारी बिचको हिँसा बढी मात्रामा हुने गरेको छ भने नन्द तथा आमाजुहरूले चाँही भाउजु-बुहारीको विस्वाश नगर्ने, हेला गर्ने तथा भए-नभएका कुराहरू आमा तथा दाजु-भाइलाई सुनाउने गर्दछन् जसले वुहारीमाथि हिंसा उत्पन्न हुने गरेको पाइन्छ ।

नेपाली समाजमा पुरुषहरूले कुनैपनि कारण विना नै दोस्रो विवाह गर्न पाउने भएको हुनाले महिलाहरू यसबाट धेरै पिडित भएको पाइन्छ । विभिन्न धार्मिक मान्यता अनुसार मृत्युपछि स्वर्ग जान छोरानै चाहिन्छ भन्ने मान्यताले गर्दा हाम्रो समाजमा पुरुषहरूलाई विवाह गर्न छुट दिइएको छ । पहिलो श्रीमतीबाट छोरा नभएमा, उनीबाट पुर्ण सन्तुष्टि प्राप्त नभएमा

तथा अन्य विभिन्न बाहानामा दोस्रो विवाह गर्ने प्रचलन छ । जसले गर्दा महिला-महिला बिच झगडा हुने, कुटपिट, अवान्छित शव्द प्रयोग गर्ने तथा घरबाट समेत निकालिदिने गरेको पाइन्छ । यसले नेपाली समाजमा महिलाहरू नै एक हुन नसकेको तथा उनीहरूले एक-अर्काको समस्या नबुझेको पाइन्छ ।

## ५.२. सुकुम्वासी महिला-महिला वीचको सम्बन्धः

यस ठाउँमा विभिन्न जिल्लाबाट विभिन्न खालका जात, जाती, धर्म मान्ने मानिसहरू आएर बसेका छन् । जसले गर्दा यहाँ विभिन्न भाषा, धर्म, रितिरिवाज मान्ने मानिसहरू एकआपसमा मिलेर वसेको भएता पनि महिला महिला बिच विभिन्न खालका कुराहरूमा झै-झगडा हुने गरेको पनि पाइयो । जसमा पानीको बारेमा, छोरा-छोरीको बारे तथा सँगै घरहरू जोडिएका र अरुका बारेमा नचाहिने चासो लिने प्रवृत्तिले गर्दा पनि एक आपसको सम्बन्ध विग्रिएको पाइयो ।

जसको परिवारमा आयआर्जन बढि छ उनीहरू त्यस वस्तीको सर्वेसर्वा जस्तो भएर अरुलाई हैकम लगाउँछन् । जसले गर्दा दुई वर्गको स्थापना भएको छ । गरिव सुकुम्वासी महिलाहरू उनीहरूबाट नै दविएका छन् । ति पिडित महिलाहरू आफ्नो आर्थिक स्थिति कमजोर भएकोमा दुखी छन् । यस्ता विभिन्न कारणहरूले गर्दा नै उनीहरू भित्रै मनमुटाव हुने गरेको छ ।


## ५.३. पारिवारिक निर्णयमा महिलाको भुमिकाः

यस सुकुम्वासी टोलमा वस्ने विभिन्न जातजातिका सुकुम्वासी महिलाहरूमा पारिवारिक निर्णयमा महिलाहरूको भुमिका कति छ भन्ने सम्बन्धमा गरिएको स्थलगत अध्यनबाट प्राप्त विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८: पारिवारिक निर्णयमा महिलाको भुमिका:**

| विवरण | महिला संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | १३ | ३२.५० |
| थारु | ९ | २२.५० |
| कुमाल | ८ | २०.०० |
| दमाइ | ६ | १५.०० |
| कामी | ४ | १०.०० |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०६९




पारिवारीक निर्णयमा महिलाको कति भुमिका रहेको छ भनी विवरण पत्ता लगाइएको छ । क्षेत्री जातीमा ३२.५०% महिलाहरूले आफ्नो घरको हरेक कुरामा निर्णय लिने गरेको पाइयो भने दोस्रोमा २२.५०% थारु महिलाहरूले र २०.००% कुमाल महिलाहरूले आफ्नो घरको विभिन्न कुराहरूमा निर्णय गर्ने गरेको पाइयो । त्यसैगरी दमाइ तथा कामी जातीका महिलामा क्रमश: १५.००% र १०.००% ले मात्र आफ्नो पारिवारीक कुरामा निर्णय गर्ने गरेको पाइयो ।

नेपाल एक पुरुषप्रधान वा पितृसत्तात्मक समाज भएकोले गर्दा जुनसुकै वर्गको परिवारमा पनि महिला पछि परेका र महिलाहरूका कुनै पनि सानो भन्दा सानो कुरामा पनि पुरुषहरूले नै निर्णय गर्ने गरेको पाइन्छ । जुनसुकै जातमा पनि महिलाहरू पछि परेका छन् । वाहुन, क्षेत्री महिलाहरू घरायसी कुरामा जस्तै छोरा छोरीको शिक्षा, व्यक्तिगत तथा घरायसी कार्यहरूमा

उनीहरूले निर्णायक भुमिका खेल्दछन् । अन्य जातजातिमा चाँही पुरुषहरूनै हरेक कुरामा सर्वेसर्वा भएर महिलाको निर्णयलाई वेवास्था गरेको पाइन्छ ।


### ५.४. सुकुम्वासी महिलाहरूको सन्तान जन्माउने निर्णय प्रकृया:

सुकुम्वासी टोलमा रहेका विभिन्न जात जातिका महिलाहरूमा सन्तान जन्माउन महिलाहरूले निर्णय गर्ने गरेका छन् कि छैनन् भनि सोधिएको प्रश्नको उत्तरको आधारमा तलको तथ्याङ्कमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९: सुकुम्वासी महिलाहरूको सन्तान जन्माउने निर्णय प्रकृया:**

| जातजाति | महिला संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | १३ | ३२.५० |
| कुमाल | १० | २५.०० |
| थारु | ७ | १७.५० |
| कामी | ६ | १५.०० |
| दमाइ | ४ | १०.०० |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०६९




अनुसन्धानको क्रममा सन्तान जन्माउन महिलाहरूको निर्णयले कति भुमिका खेलेको छ भनी विवरण लिने प्रयास गरिएको छ । जस अनुसार क्षेत्रीहरूमा ३२.५०% महिलाहरूले सन्तान जन्माउने निर्णय गर्ने गरेका छन् भने कुमाल महिलाहरू दोस्रो स्थानमा २५.००% रहेका छन् ।

त्यसैगरी थारु महिलाहरूमा १७.५०% महिलाहरूले निर्णय गर्ने गरेका छन् भने कामी र दमाइ जातका महिलाहरू क्रमश: १५.००% र १०.००% सन्तान जन्माउने निर्णय गर्ने गरेको पाइयो ।

महिलाहरूले गर्भ धारण गरेपनि नेपाली समाजमा त्यसलाई जन्म दिने वा नदिने भन्ने सम्बन्धमा पुरुषहरूकै निर्णय हुने गरेको पाइन्छ । क्षेत्री तथा ब्राम्हण परिवारमा महिलाहरूले नै यस्ता कुरामा निर्णय गर्न सक्छन् । किन भने उनीहरू केही मात्रामा भएपनि शिक्षित वा तथाकथित ठूला जात भएकाले पनि पुरुषहरूको नियन्त्रण कमै हुने भएकोले पनि हो भने अन्य जातीहरूमा पुरुषहरू भन्दा महिलाहरू अन्य कुरामा आफै निर्णय गर्न सक्ने भएपनि बच्चा जन्माउने कुरामा चाँही पुरुषको भुमिका बढी भएको देखिन्छ । अनी पुरुषवादी समाज भएकोले पनि छोरा जन्माउनै पर्ने बाध्यताले गर्दा ५ वटी छोरी हुँदा पनि छोरा जन्माउनै पर्ने बाध्यता समेत परेको छ । अर्कोतिर छोरा नजन्माउँदा सौता ल्याउने डरले पनि नचाहदाँ नचाहदैं पनि धेरै सन्तान जन्मन पुग्दछन् । दागबत्ती दिएमा मरेपछि स्वर्ग पुगिन्छ भन्ने धार्मिक मान्यताले गर्दा पनि महिलाले आफ्नो गर्भधारण गर्ने र सन्तान जन्माउने जस्तो नितान्त व्यक्तिगत निर्णयमा समेत पुरुषको निर्णायक भुमिका नै बढी देखियो ।

### ५.५. गर्भपतन सम्बन्धि महिला अधिकारको अवस्था:

सुकुम्वासी वस्तीमा महिलाहरूको गर्भपतमा उनीहरूको निर्णयको वारेमा  प्रश्न गर्दा उनीहरूवाट प्राप्त विवरणलाई निम्न तालिकामा देखाईएको छ ।

**तालिका १०: महिला र गर्भपतन अधिकार:**

| शिर्षक | संख्या | प्रतिशत |
|---|---|---|
| गर्भ पतनको अधिकार दिनु हुन्छ | १७ | ४२.५० |
| गर्भ पतनको अधिकार दिनु हुन्न | ९ | २२.५० |
| पश्चिमी छाडा संस्कृति भित्रिन्छ | ६ | १५.०० |
| उत्तर नदिने /थाहा नभएको | ८ | २०.०० |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०६९

माथिको तालिकामा महिलाहरूलाई गर्भपतन गर्न दिनु हुन्छ अथवा हुँदैन भनी जानकारी लिन खोज्दा अधिकार दिन हुन्छ भन्नेहरू ४२.५०% महिलाहरू रहेका छन् भने अधिकार दिनु हुन्न भन्नेमा २२.५०% महिलाहरू रहेका छन् । त्यसैगरी यहि प्रश्न सोध्दा गर्भ पतनबारे थाहा

नभएको र उत्तर नदिने महिलाहरू २०.००% र महिलाहरूलाई यस्तो अधिकार दिएमा समाजमा नकारात्मक र पश्चिमी छाडा संस्कृति भित्रिन्छ भन्नेहरू १५.००% रहेको पाइयो । यसबाट के कुरा प्रष्ट हुन्छ भने केहि शिक्षित वा देखे-सुनेका महिलाहरू गर्भपतन गराउन पाउनुपर्छ भन्ने विचार व्यक्त गर्दछन् भने अन्यले चाँहि यो पाप हो र यसो गरेमा मरेपछि नरकमा पुगिन्छ साथै समाजमा छाडा संस्कृति भित्रिन्छ भन्ने मान्यता रहेको पाइयो ।

हाल आएर विश्वमा नै गर्भपतन वा भ्रुण हत्या गर्ने प्रचलन दिन प्रतिदिन बढिरहेको छ । अझ हाम्रो जस्तो विकाशोन्मुख र रुढीवादी परम्पराले गर्दा छोरा जन्माउनै पर्ने मानसिकता भएको कारणले गर्दा पनि भ्रुण हत्याको प्रचलन बढेको पाइन्छ । पितृसत्तात्मक समाज भएका कारणले हरेक पुरुषले छोराको चाहना गरेका हुन्छन् जसको मूख्य कारण आफ्नो वंशलाई अगाडि वढाउनु हो । त्यसले गर्दा पनि समाजमा गर्भपतन भन्ने शब्द दिन प्रतिदिन लोकप्रिय हुँदै गइरहेको छ । यसले गर्दा अहिले हरेक परिवारमा पारिवारिक कलह एवं हिंसाहरू वृद्धि हुँदै गएका छन् । छोराको चाहनामा हरेक दिन महिलाहरूले घरेलु हिंसा, शारिरिकहिंसा वा मानसीक हिंसाका शिकार हुन पुगेका छन् । यसले समाजमा विकृति पनि भित्राएको छ । अहिले समाजमा विवाह नगरीकन नै गर्भवती भएमा गर्भपतन गराउने र विवाहितहरूमा पनि छोरा-छोरीको लिङ्ग पहिचान गरी छोरी भएमा गर्भपतन गराउने र छोरा भएमा गर्भ राख्ने चलन बढेको छ ।

### ५.६. पारिवारिक हिंसा र महिलाः

हिंसाबाट पिडित महिला नभएको सायदै कुनै समाज होला । कुनै पनि वर्ग चाहे त्यो धनी वर्ग होस वा गरिव सबै वर्गमा हिंसात्मक घटनाको सिकार महिलाहरू हुने गरेका छन् । यसै सम्बन्धमा यस सुकुम्वासी बस्तीमा कस्तो प्रकारको हिंसा भएका छन भन्ने सम्वन्धमा गरिएको स्थलगत अध्ययनबाट प्राप्त विवरणलाई तलका तालिकामा देखाइएको छ ।

**तालिका ११: पारिवारिक हिंसामा महिलाः**

| शिर्षक | संख्या | प्रतिशत |
|---|---|---|
| मानसिक | ३१ | ७७.५० |
| शारीरिक | ९ | २२.५० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६९

उक्त तालिकामा महिलाहरूले शारीरिक हिंसा भन्दा मानसिक हिंसा बढि भोगेको पाइयो । जसमा ७७.५०% महिलाहरू मानसिक हिंसाका शिकार भएको दखिन्छ भने २२.५०% महिलाहरू शारीरिक हिंसाको शिकार हुन पुगेको देखिन्छ ।

यसरी महिलाहरू परिवार भित्रै विभिन्न खालका मानसिक हिंसा सहन बाध्य भएको पाइन्छ । जसमा आफ्नै श्रीमान तथा परिवारका अन्य सदस्यहरूबाट पिडित भइरहेको हुन्छन् कसैलाई पनि व्यक्त गर्न सकेका हुँदैनन । यसले गर्दा उनीहरू मानसिक रोगबाट समेत ग्रसित हुँदै गएका छन् तर उनीहरूलाई मानसिक रोगी हुँदै गएको कुरा समेत थाहा हुँदैन । त्यसैगरी त्यस क्षेत्रका महिलाहरू कामको शिलशिलामा घरबाट बाहिर जाने क्रममा काम गर्न गएको ठाउँमा पनि मानसिक र शारीरिक हिंसाको शिकार भएको पाइन्छ । जसमा उनीहरूलाई चोरीको आरोप लगाउने, राम्रो काम नगरेको भनी गाली गर्ने, घर मालिकबाट यौन दुर्व्यवहार सहनु पर्ने, जिस्काउने, र जवरजस्ती शारीरिक सम्बन्ध राख्न खोजेको समेत पाइयो ।

त्यस्तै गरी महिलाहरूले विभिन्न किसिमका शारीरिक यातना भोगी रहेका हुन्छन् । जसमा कुटपिट, आगजनी गर्न खोज्ने, खान नदिने जस्ता हिंसाहरू भोग्न त्यस क्षेत्रका महिलाहरू बाध्य छन् ।

## ५.७. महिला माथिको हुने घरेलु हिंसाका प्रकारहरूः

नेपाली महिलाहरू विभिन्न किसिमले विभिन्न प्रकारका हिंसाबाट पिडित भएको पाइन्छ । प्राय शारिरिक तथा मानसिक रुपले पिडित हुने महिलाहरू मध्ये कतिले हिंसा सहेर घर मै वस्दछन भने कति महिलाहरू सहयोगका लागि विभिन्न संस्थामा पुग्ने गर्दछन । अध्ययनका क्रममा देखिएका उत्तरदाता महिलाले भोगेको हिंसाका प्रकारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२: महिला माथि हिंसाको प्रकार:**

| शिर्षक | संख्या | प्रतिशत |
|---|---|---|
| मानसिक हिंसा:<br>गाली गलौज, अपमान, वेइज्यती, भेदभाव गर्ने, धम्की दिने | २१ | ५२.५० |
| शारीरिक हिंसा : कुटपिट, शारीरिक चोट पुर्‍याउने | १६ | ४०.०० |
| यौनिक हिंसा : यौन शोषण, | ३ | ७.५० |
| जम्मा | ४० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०६९

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू कुटपिट, गालिगलौज र यौन दुर्व्यवहार जस्ता हिंसाबाट पिडित भएको पाइयो । जसमा सबै भन्दा धेरै ५२.५०% महिला मानसिक हिंसा पिडित रहेको पाइयो भने आफ्नै लोग्ने तथा रक्सी सेवन गरेको बेलामा परिवारका सदस्य वा अन्य व्यक्तिबाट कुटपिट हुने महिलाहरू ४०.००% रहेका छन् । त्यस्तै गरी श्रीमान वा अन्य पुरुषबाट यौन शोषणमा पर्ने महिलाहरू ७.५०% रहेको पाइयो । प्रस्तुत अध्ययनबाट के देखिन्छ भने सामान्य कुटपिट तथा गालि गलौजबाट हुने हिंसालाई महिलाहरूले सहेर घरमै वस्ने गर्दछन् । असहय परेको अवस्थामा मात्र उपचार तर्फ लाग्ने गर्दछन्, जसमा कानूनी परामर्सका कुराहरू पर्दछ ।

सुकुम्वासी महिलाहरूमा प्रायजसो गाली गलौज जस्ता हिंसाहरू बढी हुने गरेको पाइन्छ । जसमा आफ्नै परिवारका सदस्यहरूबाट अपमान जन्य शव्दहरू प्रयोग गर्ने गरेको पाइन्छ । यसको अलावा घर भन्दा बाहिरका मानिसहरूबाट पनि यस्तो खालको हिंसा हुने गरेको छ । महिलाहरूको शारीरिक बनावट कमजोर हुने भएकोले उनीहरूलाई कसैले वा श्रीमानले कुटपिट गर्दा पनि प्रतिकार गर्न सक्दैनन् । जसको कारण प्रतिकार गर्न नसक्ने भएकाले श्रीमान तथा बाहिरि वा अन्य व्यक्तिहरूबाट पनि यौन दुर्व्यवहारको शिकार हुन पुगेका छन् ।

## ५.८ महिला अधिकार र नियम कानून:

महिला हक हितको निम्ति बनाइएका कानुनको वारेमा पिडक तथा पीडित दुवै पक्षलाई जानकारी नहुदा यस सुकुम्वासी वस्तीमा महिलामाथि घरेलुहिंसाका घटना वढी रहेको देखिन्छ ।महिला सम्वन्धी व्यवस्था गरिएका कानुनी व्यवस्थाका बारेमा सुकुम्वासी महिलाहरूमा गरिएको

जानकारीको अवस्थाका सम्वन्धमा गरिएको स्थलगत अध्ययनबाट प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १३: महिला अधिकार र नियम कानूनः**

| शिर्षक | संख्या | प्रतिशत |
|---|---|---|
| महिला अधिकार र कानून सम्बन्धि थाहा छ | - | - |
| महिला अधिकार र कानून सम्बन्धि अलि अलि मात्र थाहा छ | ६ | १५.०० |
| महिला अधिकार र कानून सम्बन्धि थाहा छैन | ३४ | ८५.०० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६९

यस तालिका अनुसार अधिकांश सुकुम्वासी महिलाहरू अशिक्षित भएका कारण ८५.००% महिलालाई कुनै पनि महिला अधिकार र कानून सम्बन्धि कुनै पनि व्यवस्था थाहा नभएको पाइयो १५.००% महिलाहरूलाई अलि अलि जानकारी भएको पाइयो ।

यसरी उत्तरदाता महिलाहरूबाट तथ्याङ्क संकलन गर्दा कानून सम्बन्धि सामान्य ज्ञान मात्र जानकारी भएको र उक्त कुरा पनि टि.भि. तथा रेडियोबाट मात्र सुनेको पाइयो । उनीहरू गरिव तथा अशिक्षित र कुनै पनि ठाउँमा आफ्नो पहुँच नपुगेको कारणले गर्दा महिलाहरूको लागि पनि कानून बनाउनु पर्छ भन्ने कुनै पनि किसिमको ज्ञान नभएको पाइयो

## ५.९. सुकुम्वासी महिलामा परेको प्रभावः

नेपालमा महिला विरुद्धको हिंसा एउटा मुख्य सामाजिक समस्या हो भनेर पहिचान भई सकेको अवस्था छ । तथापि यस्ता अपराध विरुद्ध स्पष्ट र कार्यान्वयन गर्न सकिने किसिमको ऐन कानूनको अभाव यथावत नै छ । आज सम्म पनि महिलाहरूले आफुलाई परेको अन्यायमा पनि उचित न्याय पाउन सकेका छैनन् । सम्बन्धित निकायले अझै उचित ध्यान दिन सकेको अवस्था छैन ।

सुकुम्वासी महिलाहरूले आफुलाई कसैले यौनदुर्व्यवहार गर्न खोज्यो र त्यसको प्रतिकार गर्न खोजे पनि समाजमा राम्रो प्रतिक्रिया नआउने महिलामाथि हुने हिंसात्मक घटनाहरू वस्तीकै मानिसहरू मिलेर मिलेमतो गराउने गरेको पाईयो ।

अर्कोतिर आफु काम गर्न जाने ठाउँमा विभिन्न किसिमका शारीरिक र मानसिक हिँसा हुने भएता पनि काम खोसिने डरले तथा समाजबाट वहिष्कृत समेत हुनु पर्ने डरले कुनै पनि

किसिमको उजुरी दिन नचाहेको देखियो । उनीहरू अशिक्षित भएको कारणले र सल्लाह सुझाव दिने पनि कोही नभएकोले महिला सम्बन्धि कुनै पनि ऐन-कानून बारेमा थाहा नभएको पाइयो । यति सम्म कि उनीहरूमा हिंसा भइरहेको छ भन्ने कुरा समेत थाहा नभएको पनि यस अध्ययनबाट पत्ता लाग्यो । यस्तो किसिमको व्यवहारले गर्दा सुकुम्वासी महिलाहरूमा विभिन्न किसिमका मानसिक प्रभाव परेको पाइन्छ जसले गर्दा उनीहरूमा नकारात्मक सोचाई आइ आत्मा हत्या समेत गर्न खोज्दछन् ।

) सामाजिक असर र प्रभावः

घरभित्रको शारीरिक, मानसिक यातनाका कारण सुकुम्बासी महिलाहरू सामाजिक गतिविधीहरूमा अगाडी नसर्ने, पछौटेपन र परनिर्भरताको विकास भएको छ । आफुमाथि भएका हिंसा अन्याय पनि चुपचाप सहने वानीको विकास भएको छ । पुरातनवादी सोच, कुरीतिहरू विरुद्ध महिलाहरूमा सचेतनाको विकास हुन नसकेका कारण समाजीक विकासमा बाधा पुगेको छ ।

) मानसिक असर र प्रभावः

परिवारबाटै आफुमाथि गालि वेइज्यति हुनु, अपमानित र अपहेलित हुनु पर्दा उनिहरूको मनोवल र आत्मविश्वास कमजोर हुन पुगेको, सार्वजनिक गतिविधिमा भाग नलिने गरेका साथै मानसिक रोगी वन्न पुगेको पाईयो ।

) आर्थिक असर र प्रभावः

आर्थिक विपन्नताका कारण सुकुम्वासी बन्नु परेको र त्यसमा पनि हिसा पिडित हुनु पर्दा नसकेका कारण आर्थिक क्रियाक्लापमा सुकुम्वासी महिलाहरूको जिवनस्तर कस्टपूर्ण देखिन्छ । योग्यता,र क्षमता विकास हुन नसक्दा रातदिन ज्याला मजुरी गरेपनि आर्थिक अवस्था खासै प्रगति हुन नसकेको देखिन्छ ।

- पारिवारिक असर र प्रभावः

घरेलु हिंसाको असर हिंसापीडित महिलाको अतिरिक्त समग्र परिवारकै स्वास्थ्य र खुशीमा पर्दछ । घरेलु हिंसाको भुक्तभोगी र प्रत्यक्षदर्शी बालबालिकामा दीर्घकालीन मनोबैज्ञानिक असर पर्ने, उनीहरू नै पछि घरेलु हिंसाका कारक बन्ने प्रबल सम्भावना रहन्छ । दुर्व्यवहार भोगेका महिलाहरू विभिन्न शारीरिक र मानसिक रोगको शिकार समेत हुने गरेका छन् ।

# अध्याय - छ

# सारांश, निष्कर्ष

## ६.१. सारांशः

महिलामाथिको घरेलु हिंसा एक अमानविय व्यावहार हो । यो मानव अधिकार विरुद्धको अपराध पनि हो । शारीरिक, मानसिक, सामाजिक धार्मिक रुपमा महिलामाथि दिइने यातनालाई महिला विरुद्धको हिंसाका रुपमा लिन सकिन्छ । मानिसहरूको सचेतनाको स्तर, सामाजिक मुल्य मान्यता, प्रथा परम्परा, धर्म संस्कार आदिका नाममा महिलालाई विभेद गरिदा महिला विरुद्धका घरेलु हिंसाका घटनामा कमि हुन सकेको छैन । वास्तवमा महिलाहरू कस्ता प्रकारका हिंसाबाट पिडित हुने गरेका छन । उनीहरूले भोगीरहेका हिंसाका कारणहरू उनीहरूको सामाजिक आर्थिक पृष्ठभुमि कस्तो रहेको छ भन्ने तथ्यलाई यस अध्ययनमा समस्याको रुपमा लिइएको छ । अध्ययनका क्रममा छनौट गरिएका महिलाले भोगेका हिंसाको प्रकार हिंसा प्रतिको उनीहरूको धारणा, समाधानका उपायहरू पत्ता लगाउने उद्देश्य अधययनका क्रममा थियो । महिला शसक्तिकरणमा लागि परेका संस्थाहरूका साथै नीति निमार्ण कर्ताहरू सानै क्षेत्रको भएपनि महिला हिंसाको अवस्था तथा कारणहरूको जानकारी दिइ सोको निवारणका निमित्त मद्दत पुऱ्याउन अपेक्षा अध्ययनका क्रममा लिइएको छ । अध्ययनसँग समबन्धित विभिन्न पत्रपत्रिका प्रकासित लेख रचना, प्रतिवेदन विद्धानहरूको भनाई, कानूनी प्रावधान आदि बारे अध्ययनका क्रममा समिक्षा गरिएको छ ।

यस अध्ययनका लागि आवश्यक सूचनाहरू संकलन गर्न अन्तर्रवार्ताबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । जसमा अवलोकन, प्रश्नावली/अर्न्तर्वाता, व्यक्तिगत अध्ययन र द्वितिय तथ्याङ्क अन्तर्गत सरकारी तथा गैर सरकारी संस्थाका प्रकासित तथा अप्रकासित तथ्याङ्कहरू प्रयोग गरिएको छ । यस सुकुम्वासी टोलमा जम्मा ४२ परिवार संख्या रहेका छन् । जसमा उनीहरूको कुल जनसंख्या २१३ रहेको छ । त्यसमा महिलाहरूको संख्या १०९ छ भने पुरुषहरूको संख्या १०४ छ त्यसै गरि बालबालिकाहरूको संख्या १२८ रहेको छ । वस्तीमा रहेका सम्पूर्ण महिलाको अध्ययन गर्न नसकिने भएकोले यस अध्ययनमा ४० जना महिलाहरूको मात्र तथ्याङ्क लिइएको छ । जसमा ४ जना महिलाहरूको व्यक्तिगत अध्ययन गरिएको छ । यस्ता तथ्याङ्कहरू अनुसन्धानको उद्देश्य अनुरुप सुकुम्वासी महिला माथि हुने गरेको घरेलु हिंसा र

त्यसको कारण अध्ययन गर्न, घरेलु हिंसा पिडित महिलाहरूको सामाजिक आर्थिक अवस्थाको अध्ययन गर्ने, महिला विरुद्ध हुने गरेको घरेलु हिंसाका विरुद्ध बनाइएका कानून बारे पिडित महिलाहरूको सचेतना बारे जानकारी प्राप्त गरिएको छ ।

अध्ययनमा परेका सुकुम्वासी महिलाहरूको जातिगत तथ्याङ्कको आधारमा हेर्दा यहाँ बस्नेहरूमा सबै भन्दा बढी कामी जातिले सुकुम्वासीहरूको प्रतिनिधित्व गरेको छ । उनीहरू ३७.५% रहेका छन् भने थारु जातीहरू २०% रहेको पाइयो । त्यसैगरी क्षेत्री, दमाइ तथा कुमाल समुदायका व्यक्तिहरू क्रमशः १५%, १५% र १२.५% वसोवास गरेको पाइयो । उमेरगत आधारमा हेर्दा महिला ० देखि १४ वर्ष उमेरका बालबालिकाहरूको संख्या बढि ६०.१०% रहेको छ भने सबै भन्दा कम ६० देखि माथिको उमेर समूहमा ४.२३% रहेका छन् । यसरी समग्रमा हेर्दा ० देखि १४ वर्ष उमेर समूहको जनसंख्या बढि हुनुमा सरदरमा हरेक परिवारमा वाल वच्चाहरू धेरै रहेको देखिन्छ । यसो हुनुमा जनचेतना र प्रजनन् स्वास्थ्य सम्वन्धी प्रशस्त ज्ञान नभएको बुझिन्छ । गरिवीका कारण धेरै सन्तान भएमा घरको काम काजमा पनि सहयोग हुन्छ भन्ने अवधारणा हरेक सुकुम्वासी वासिन्दाहरूमा पाइयो । साक्षरताको अवस्था हेर्दा निरक्षर महिलाहरूको संख्या ६७.५०% रहेको पाइयो । भने साक्षर महिलाहरूको संख्या ३२.५०% रहेको पाइयो । पढ्नु पर्दो रहेछ भन्ने सचेतना सवै महिलामा रहेको पाइयो ।

सुकुम्वासी महिलाहरूको आर्थिक अवस्थाको बारेमा जानकारी लिदां उनीहरूको आर्थिक अवस्था कमजोर रहेको पाइयो । यस अध्ययनमा ज्याला मजदुरी गर्नेहरू ३५.००% महिलाहरू छन् भने २७.५०% महिलाहरूले अर्काको घरमा गई घरायसी काम गरेको र व्यापार व्यवसायगरी आफ्नो दैनीक गुजारा गर्ने महिलाहरू १७.५०% रहेको पाइयो । १२.५० % महिलाहरू सिलाइकटाई पेशामा संलग्न भएको पाइयो । त्यसैगरी ७.५०% महिलाहरूले गृहिणी भई आफ्नै घरको काम गरेको पाइयो ।

महिलाहरूको आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा शिक्षामा उचित लगानी गर्न नसक्दा राम्रो रोजगारीको अवसरबाट बन्चित हुनु परेको छ जसले गर्दा उनीहरू अरुको घरमा काम गर्न जान बाध्य भएका छन् । त्यसै कारणले गर्दा उनीहरू आफ्नो घर तथा घर भन्दा बाहिर पनि हिंसाको शिकार हुन परेको छ । सुकुम्वासी वस्तीमा बस्ने महिलासँग स्वास्थ्यको बारेमा जानकारी लिदां धेरै जसो महिलाहरू स्त्री रोगबाट ग्रसित वा पिडित भएका छन् यसको अलावा दम, खोकी, क्षयरोग जस्ता रोग पनि लागेको छ । आर्थिक अभावको कारण उनीहरूले उचित उपचार गराउन सकेका छैनन् ।

सुकुम्वासी वस्तीमा विभिन्न क्षेत्रबाट आएर वसोवास गरेका जाति जनजातिका मानिसहरू विच एकता भएपनि महिला महिला विच विभिन्न कुरामा झै-झगडा हुने गरेको पाइयो । यस वस्तीमा कानूनी सेवाको अभाव यथावतै छ । आज सम्म पनि महिलाहरूले आफुलाई परेको अन्यायमा उचित न्याय पाउन सकेका छैनन् ।

## ६.२. निष्कर्षः

छनौटका अधिकाश महिलाहरू अशिक्षित मात्रै रहेको पाइयो भने रुढिवादी सामाजिक मानसिकतामा हुर्केका कारण आफ्नो अधिकार प्रति अनभिज्ञ रहेको पाइयो । छनौटको अधिकाश महिलाको स्पष्ट आयआर्जको वाटो नभएका कारण ज्याला मजदुरी गर्ने गरेका, आर्थिक रुपमा श्रीमान् तथा परिवार प्रति निर्भर रहँदै आएको तर हालको अवस्थामा आएर भने सिलाई, वुनाई, पशुपंक्षी पालन जस्ता सीपमुलक कार्यमा संलग्न हुन थालेको पाइन्छ ।

यस अध्ययनको पहिलो उद्देश्य अनुसार त्यहाँका सामाजिक तथा आर्थिक अवस्था विश्लेषण गर्नु रहेको थियो । सो अनुसारको तथ्याङ्क लिएर यस वस्तीमा घर जग्गा नभएका र डेरा गरी वस्नेहरू डेरा भाडा तिर्न नसकि केहि परिवार उक्त स्थानमा आफ्नो टाउको लुकाउन वाँसको भाटा, प्लाष्टिकको छानो राखि वस्न थाले र विस्तारै सो स्थानमा व्यक्तिहरूको संख्या वृद्धि हुँदै गयो । विस्तारै छाप्राको संख्यामा पनि वृद्धि हुदै जाने क्रममा उनीहरूले वरपरका मानिसको हेपाइ, सरकारी तथा स्थानिय निकायबाट उठीवास गर्न सक्ने असुरक्षा महसुस भए पछि संगठित भई समुहमा पाइयो ।

सुकुम्वासी महिलाहरूको अध्ययनको सिलसिलामा त्यस ठाउँमा वसोवास गरेका महिलाले भोगेका हिंसाको कुरा गर्दा सर्वप्रथम उनीहरू गरिव र अशिक्षित भएकोले गर्दा सामान्य महिलामा भन्दा सुकुम्वासी महिलामा बढि घरेलु हिंसा भएको पाइयो ।

- सुकुम्वासी वस्तीमा वस्ने महिलाहरूको आर्थिक अवस्था अति नै कमजोर भएको पाइयो ।
- त्यस वस्तीमा बस्ने महिला अशिक्षित भएकोले गर्दा राम्रो रोजगार र कुनै पनि तालिम लिन पाएका छैनन जसले गर्दा उनीहरू आफु आत्मनिर्भर वन्न सकेका छैनन ।
- आर्थिक अवस्था सुदृढ पार्न अथवा आफ्नो परिवारको लागि पैसा कमाउन सुकुम्वासी महिलाहरू अरुको घरमा गएर विभिन्न खालको काम गर्दछन् ।

- अरुको घरमा गएर काम गर्दा सुकुम्वासी महिलाहरूले विभिन्न खाले हिंसाको शिकार हुन पुगेका छन् जसमा, जिस्काउने, यौनदुर्व्यवहार, चोरीको आरोप आदि भएको पाइयो ।
- सुकुम्वासी वस्तीमा वस्ने प्राय सबै जसो मानिसहरू अशिक्षित र वेराजगार छन् त्यसले गर्दा उनीहरू जहिले पनि तास खल्ने, जाँड रक्सी खाने गर्दछन् । जसले गर्दा महिलाहरूलाई रक्सी खाएर कुटपिट गर्ने, यौन दुर्व्यवहार गर्ने, हिंसाहरू उनीहरूकै श्रीमान वाट हुने गरेका छन् ।
- सुकुम्वासी महिलाहरू एक आपसमा पनि झगडा गर्ने गरेको पाइयो जसले गर्दा महिला महिला वीच भनाभन र झगडा हुने गरेको पाइयो । यस्तो हिंसाहरू आफ्नै परिवारका महिलाहरू तथा अन्य वाहिरका महिलाहरूवाट पनि हुने गरेको पाइयो ।
- सुकुम्वासी महिलाहरू आफ्नै परिवारका महिला सदस्यहरूबाट पनि मानसिक हिंसाको शिकार भएको पाएको छ ।

## **Case Study** (वैयक्तिक अध्ययन)

### परिशिष्ट -१

**नारायणी थारु (३९ वर्ष)**

मेरो जन्म दाङ्ग, देउखुरीमा भएको हो । त्यति वेला छोरीलाई किन पढाउनु पऱ्यो भनेर मेरो बुवा आमाले पढ्न पठाउनु भएन । घरमा गाई, भैसी चराउन, भाई बहिनी हेर्ने काम गरियो । म १५ वर्षको भए पछि मेरो विवाह देउखुरीमा नै भयो । घरमा सासु, ससुरा, लोग्ने जेठाजु जेठानी सवै हुनु हुन्थ्यो । सासु ससुराले मलाई विवाह गरेको १-२ वर्ष पछि दाईजो नल्याएको भनेर गाली गर्ने अवहेलना गर्ने गरे । मेरो श्रीमान् मजदुरीको सिलसिलामा कपिलवस्तुको गंगौलियामा जमिन्दारको घरमा काम गर्नुहुन्थ्यो । त्यस पछि त झन-झन गाली गर्ने, खान नदिने गरे । त्यति बेला मेरो छोरा ७ महिनाको थियो । श्रीमान्ले राजापानी गाउँमा सुकुम्बासी वस्ती बस्न थालेको र त्यहाँ सित्तैमा वस्न पाइन्छ भन्ने कुरा थाहा पाउनु भएछ, अनि एउटा टहरो बनाएर मलाई बोलाउनु भयो ।  त्यस पछि घरको गाली गल्यौज सुन्न पनि नपर्ने अनि श्रीमान्सँग बस्न पाउने भएर यहाँ आएर वसेका छौ । हामी दुवै दिन भरी अरुको घरमा मजदुरी गर्छौं तर वेलुका श्रीमानले टन्न रक्सी पिउन थाले र मेरो कमाइ समेत उनले नै बुझ्थे र दिनभरको कमाइ सक्न थाले । छोरा छोरी सानै छन् उनीहरूलाई लत्ता कपडा अनि पठन् पाठनको लागि बचत गर्नु पऱ्यो भन्दा श्रीमानसँग दिनहुँ जसो झगडा हुन्छ । कहिले काँही त काट्छु र अर्की श्रीमती विहे गर्छु भनेर धम्क्याउँछन् । शुरु शुरुमा त झगडा हुँदा छिमेकीहरू आएर श्रीमानलाई सम्झाइ मिलेमतो गराउँथे तर दिनहुँ त्यस्तै झगडा हुनथाले पछि आजकल त  छिमेकीहरू पनि कानमा तेल हालेर बस्छन् । छोरा छोरीको मुख हेरी रुँदै बस्नु सिवाय मेरो केही लाग्दैन ।

नारायणी थारुको व्यक्तिगत अध्ययनमा खोला किनार वा सार्वजनिक स्थानमा गएर वस्दा भाडा तिर्नु नपर्ने र पैसाको वचत हुने र स्वतन्त्र जीवन जिउने भएकोले सुकुम्वासी टोलमा घर बनाएर बसेको देखिन्छ । तर स्वतन्त्र जीवन नभइ एउटा नारकीय जीवन जिउनु परेको स्पष्ट हुन्छ । जीवनको सहारा मानेको आफ्नै श्रीमानवाट दिनहुँ शोषित हुनु परेको छ ।

## परिशिष्ट -२

**खुशकुमारी लोहार कामी १९वर्ष)**

मेरो जन्म गजेहडा गा.वि.स. वडा नं. ५ सिउटी मा भएको हो । घरमा सबै जना आमा बुवा, दाजु दिदी हजुर वुवा-आमा हामी सबै जना सँगै बस्दथ्यौ । वुवा चाहि गाउँमा सानो पसल चलाउनु हुन्थ्यो भने आमा घरको काम काज गर्नु हुन्थ्यो । मैले कक्षा ३ सम्म मात्र पढेको छु । वुवा पसल चलाउने भएकोले घर आउँदा जहिले पनि रक्सी पिएर आउनु हुन्थ्यो । रक्सी खाएको बेलामा आमा वुवाको झगडा धेरै नै हुन्थ्यो । वुवाले रक्सी खाएर जहिले पनि पिट्ने गरेकोले आमाले मलाई लिएर केहि समय मामाघरमा गएर वस्न थाल्यौं । आमा अरुको घरमा काम गर्न जानु हुन्थ्यो म पनि आमा सँगै जान्थें तर हामीलाई तल्लो जातको भनेर काम पनि त्यती दिदैनथे र गरेको कामको ज्याला पनि अरुको भन्दा कम नै हुन्थ्यो । यसरी हामी ५-६ वर्ष सम्म अरुको घरमा काम गरेर वसेका थियौं । त्यसै बेला आमाले काम गर्ने घरको साहुनीले राजापानी गाउँको सुकुम्वासी टोलको वारेमा थाहा पाउनु भएछ । आमाले त्यहाँ गएर हेरेर सवै कुरा वुझे पछि हामी पनि त्यहि टोलमा गएर वस्न गयौं । त्यहाँ पनि हामीले सामाजिक तिरस्कार भोग्नु पऱ्यो । दलित भनेर छरछिमेकीले पनि सहयोगको भावना देखाउँदैनथे । तल्लो जाति भनेर धारामा पानी भर्न पनि सवैले भरीसकेपछि मात्र हाम्रो पालो आउँथ्यो । घरको मूली मान्छे वुवा सँगै नहुँदा समाजले नै अर्कै दृष्टिले हेर्छ तै पनि हामी जेनतेन जीविका चलाइ रहेका छौं ।

यसरी वुवाको ज्यादतीको कारण आमाले घर छोडेर हिडेको कारणले खुशकुमारी लोहार र उनको आमा यस सुकुम्वासी टोलमा आएर वस्न वाध्य भएको कुरा स्पष्ट रुपमा देखिन्छ । सामाजिक कुरीतिले छुवाछुतको भेदभाव भोग्नु परेको कुरा खुशकुमारीको व्यक्तिगत कथनबाट प्रष्ट हुन्छ ।

## परिशिष्ट -३

**उजेली दमाइ** (४३ **वर्ष** )

मेरो जन्म पाल्पामा भएको हो । आज भन्दा २८ वर्ष पहिले विवाह भएको हो । हाम्रो खेतिपाती पनि धेरै थिएन । हामी ६ जनाको परिवार त्यही खेति गरी जेनतेन जीविका चलाएका थियौं । मेरो श्रीमान चाहि मजदुरी काम गर्नु हुन्थ्यो । मजदुरी गरेर पैसा कमाउन र छोरा-छोरी लाई उचित शिक्षा र खान लगाउन दुःख भएको कारणले गर्दा श्रीमान कामको खोजीमा तराई झर्नु भयो र कपिलवस्तु आउनु भयो । म चाहि गाई वस्तु पालेर खेति गरेर मजदुरी गरेर छोरा-छोरी लिएर घरमा नै बसे । श्रीमान तराई झरेपछि मेरो छोरालाई ठूलो (क्षय रोग) रोग लाग्यो । आर्थिक अवस्था कमजोर भएकोले उपचार गराउन भनि भएको जग्गा जमिन पनि साउको घरमा वन्दक राखें । पैसा तिर्न नसकेर खेतपनि साहुले खाइदियो र हामी घरमा वस्न नसकेर श्रीमान् भएको ठाउँमा आएर वस्न लाग्यौं । त्यस पछि श्रीमानले राजापानी गाउँमा सुकुम्वासी टोल छ त्यहाँ भाडा पनि तिर्न पर्दैन र त्यो सार्वजनिक जग्गा भएको कारणले कसैले उठाउन पनि सक्दैन भन्ने थाहा पाएर यहाँ आइ घर वनाएर सुकुम्वासी जिवन विताई रहेका छौं । दलित परिवार भनेर छरछिमेकले सामाजिक तिरस्कार अनि भेदभाव गर्छन्, सहयोगको भावना पनि देखाउँदैनन् । गाली गल्यौज गर्ने, छोरा छोरीहरूलाई पनि सँगै खेल्न नदिने, तल्लो जातको भनेर हेप्ने गरेका छन् ।

उजेली दमाइको व्यक्तिगत अध्ययनमा भएको सम्पत्ति छोराको उपचारको क्रममा सिद्धिएको र केही नभएर सुकुम्वासी हुनु परेको देखिन्छ । छुवाछुतको भावनाले सामाजिक हिंसा खेप्नु परेको कुरा उजेलीको कथनवाट बुझ्न सकिन्छ । गाली गल्यौज अनि मानसिक हिंसा भोग्नु परेको कुरा स्पष्ट देखिन्छ ।

# परिशिष्ट -४

**मन रुपा कुमाल (५० वर्ष)**

मेरो जन्म स्थान अर्घाखाँची हो । मेरो विवाह चाहि कपिलवस्तुको बनगाइमा भएको थियो । मेरो ५ जना छोरा-छोरी छन् । श्रीमानको सानो जागिर थियो । जग्गाजमिन नभएको कारणले हामीले साहुको जग्गाजमिन जोती खाएका थियौं । हामीले कमाएको जग्गा पनि साहुले पछि पैसाको खाँचो पर्‍यो भनेर वेचिदिए । त्यस पछि हामी विचल्लिमा पर्‍यौं र केही समय भाडामा वस्यौं । आयश्रोत न्यून भएकोले भाडा तिर्न नसक्ने अवस्थामा पुगेका थियौं त्यसमा पनि श्रीमानको रक्सि खाने वानीले गर्दा हातमुख जोर्न पनि धौ धौ परेको थियो । त्यही वेला राजापानी जंगल नजिकै गाउँमा खोला नजिक सुकुम्वासी बसोवास शुरु भएको थियो र श्रीमान्‌ले सुकुम्वासी टोलमा सित्तैमा वस्न पाइन्छ भन्ने कुरा थाहा पाउनु भएछ । त्यस पछाडि हामीले पनि त्यहाँ एउटा सानो घर बनाएर वस्न गयौं । श्रीमान दिनभर मजदुरी काम गर्नु हुन्थ्यो तर वेलुका घर फर्किंदा दिनभरको कमाइले टन्न रक्सि पिएर आउनु हुन्थ्यो । मैले चाँहि सानो चिया पसल चलाउन थालें । घरमै रक्सि बनाएर पनि बेच्ने गरेकी छु । रक्सि पिएर आएपछि दिनहुँ जस्तो झगडा हुन्छ । सात महिना अघि मात्र श्रीमानले घरमा अर्कि श्रीमती ल्याएका छन् । सौताका पनि अर्के श्रीमान् पट्टिका २ नाबालक छोराहरू छन् । सौतासँग पनि झेलमेल मिल्दैन र झगडा भैरहन्छ । कति पटक त हात हालाहाल समेत भएर छिमेकीकोमा गुहार माग्नु परेको थियो ।

यसरी यस अध्ययनले के देखाउँछ भने भाडा तिर्न नपर्ने र सावर्जनिक जग्गामा जो पनि गएर वस्न सक्छ । यहाँ कसैको हक, डर नभएको सरकारलाई कुनै कर पनि वुझाउनु नपर्ने भएकोले मानिसहरूले यस्तो ठाउँमा आएर वसेको हुन सक्छ । श्रीमानले रक्सि पिएर घरमा आइ झगडा गर्ने गरेको बुझ्न सकिन्छ । त्यसमाथि सौतासँगको वैमनश्यताले कुरा, विचार नमिल्दा उनीहरूको जीवन झन कष्टकर बनेको स्पष्ट हुन्छ ।

**अध्ययनको लागि तयार पारिएका प्रश्नावलीहरू:**

१. अन्तवार्ता दिनेको नामः-                                                                                    मितिः-

भाषाः-                    जातिः-

शिक्षाः-                   धर्मः-

बैवाहिक विवरणः-          पेशाः-                    उमेरः-

परिवार संख्या

२. घरमूलीको जन्म स्थान कहाँ हो ?

अञ्चल.................... जिल्ला................... नगरपालिका वा गा.वि.स..................

३. यहाँ आएर बस्नुको कारण के थियो ?

**<u>परिवारसँगको सम्बन्ध :-</u>**

१. विहे गर्दा कति वर्षको हुनुहुन्थ्यो? ................... .............. ..........

२. श्रीमानसँग को सम्बन्ध कस्तो छ ?          राम्रो          नराम्रो

३. श्रीमानसँग कुनै कुरामा झगडा हुन्छ कि हुदैन ?    हुन्छ          हुदैन

४. हुन्छ भने के कुरामा बढी झगडा गर्नुहुन्छ ?

..............................................................

५. आपसी बादविवाद मात्र हुन्छ की मार पिट पनि हुन्छ ?

...................................................................

६. दाइजोको कुरामा कहिले झगडा भएको छ ?        छ          छैन

७. झगडा पर्दा कसले छुट्टयाउँछ ?परिवारका अन्य सदस्य सँगको सम्बन्ध कस्तो छ ?

राम्रो          नराम्रो          ठिकै

८. छोरा र छोरी बिच भेदभाव गर्ने गरिएको छ ?        छ          छैन

९. कुनै पनि काम गर्दा श्रीमान वा परिवारको अन्य सदस्यलाई सोध्नु हुन्छ ?

छ          छैन

१०. तपाईहरूको छोरा छोरी कति जना छन्?... ............. ............. .

११. छोरा छोरीलाई एउटै स्कुलमा भर्ना गर्नु भएको छ कि छुट्टैगर्नु भएको छ ?

..........................................................................................................................................

१२. छ भने छुट्टै स्कुलमा भर्ना गर्नुको कारण के हो ?

...........................................................................

१३. घरमा कुनै महत्वपूर्ण निर्णय गर्दा अन्तिम निर्णय कसको हुन्छ ?

..........................................

**<u>आय आर्जन :</u>**

१. तपाइको मुख्य पेशा के हो

............................

२. अन्य आयआर्जको लागि केही काम गर्नुहुन्छ की छ हुदैन?

....................

३. तपाइको घरको आयश्रोत के-के हो

...........................

४. छ भने कस्तो काम गर्नु भएको छ ?

................................................

५. कस्तो काम बढी गर्नु हुन्छ ?

................................

६. बाहिर गएर गर्ने घरमा बसी गर्ने दुवै

७. घर वाहिर गएर काम गर्दा हिंसाजन्य व्यवहार हेन गरेको छ , छैन

छ, भने कस्तो हिंसा हुने गर्दछ ?

**महिला सम्वन्धी :**

८. तपाईको विचारमा यस वस्तीका महिलाहरूले कस्तो कस्तो हिंसा भोगिरहनु परेकोछ ?

९. महिला विरुद्धका हिंसा दिनानुदिन वढी रहनुको कारण के होला?

...................................................................

१०. महिलाहरूले घरभित्र कस्ता कस्ता हिंसा भोग्नु परेको छ?

...................................................................

११. महिलाले यस्ता घरेलु हिंसा भोग्नु पर्ने मुख्य-मुख्य कारक तत्वहरू के- के होला?

...................................................................

१२. तपाईको विचारमा महिलाहरूलाई घरपरिवार, समाजमा पुरुषलाई भन्दा दोश्रो दर्जामा राखिनुको कारण के होला जस्तो लाग्छ?

................................................................

१३. तपाईलाई महिलाको हक अधिकार संरक्षण सम्बन्धि बनाइएका नियम कानून बारे थाहा छ कि छैन ?

...............................................................

१४. महिला र बालबालिकाहरूले के कस्तो खालका हिंसाका सिकार हुनपरेको छ ?

...............................................................

१५. तपाइको विचारमा महिलाले घरेलु हिंसा भोग्नु पर्ने मुख्य कारण के होला ?

...............................................................

१६. तपाई र छिमेकमा कुनै घरेलु हिंसा हुने गरेको छ ? छ छैन । छ भने कस्तो किसिमका हिंसा हुने गरेका छन् ।

..............................................

१७. हिंसा पिडित महिलाको एक आपसमा कस्तो सम्वन्ध रहेको छ?

........................................

१८. घरेलु हिंसाको कारणबाट महिलाले कस्तो किमिमको सामाजिक, आर्थिक समस्याको सामना गर्नु परेको छ ?

१९. तपाईको विचारमा महिला विरुद्ध हुने घरेलुहिंसाको अन्त्य गर्न के गर्नु पर्ला ?